# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार, भदौ २२, २०७५ | Friday, September 7, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलागा १२ | वर्ष २४, अंक २४० | पृष्ठ १२ | मूल्य रू १०/–



२ { साफ फाइनल खेल्न भोकाएको नेपाल

५ { पुनर्निर्माणको निरीक्षण र सिफारिसको जिम्मा स्थानीय तहलाई

६ { महिला हिंसाविरुद्ध तीज कार्यक्रम

९ { कर्मचारीको मिलेमतोमा ७० करोड रुपियाँ ठगी




डल्लुनजिकैको झोलुङ्गेपुलबाट विज्ञापन भएको प्लास्टिक ओडेर आफ्नो गन्तव्यतर्फ जाँदै गरेका एक छात्र। केही दिनयता उपत्यकामा बढेको गर्मी र भारी वर्षाका कारण जनजीवन प्रभावित भएको छ। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# देखिएन प्रदेश सरकारको काम

## मन्त्री जति सबै गुमनाम

रोशन पराजुली, हेटौंडा



प्रदेश सरकार हाँकिरहेका मन्त्री केन्द्रीय सरकारका मन्त्रीजस्तै अलमलमा पर्न थालेका छन्। नजिकबाट उनीहरूका पछिल्ला गतिविधि नियालिरहेका सर्वसाधारण सन्तुष्ट छैनन्। 'भोट दिएर शक्ति र सत्तामा पुऱ्याइयो तर त्यो अवसर बाँदरलाई लिस्नो जस्तो भयो', प्रदेश नं ३ का एक सर्वसाधारणले गुनोसो पोख्दै भने- 'मन्त्री हुँदा गुलिया भाषण गरेर चर्का आश्वासन बाँड्नेहरूले देख्ने गरी अहिलेसम्म एउटै काम गर्न सकेका छैनन्। उद्घाटन र सभा सेमिनारमा अतिथि बनेरै बताउँछन् दिन।'

प्रदेश नं ३ का मुख्यमन्त्री डोरमणि पौडेलले आफू, आफ्नो परिवार वा निकट व्यक्तिको प्रत्यक्ष 'निजी स्वार्थसिद्ध हुने खालका काम नगर्ने र नगराउने' भनी प्रदेश सरकारले स्पष्ट नीति र मापदण्ड तयार गर्ने निर्णय गरेको बताउनुभएको धेरै समय बितिसकेको छ।

प्रदेश-३ को सरकार सञ्चालनका लागि सयभन्दा बढी कानुन बन्न आवश्यक छ। तर कानुन निर्माणले अहिलेसम्म उचित गति लिन सकेको छैन। कर्मचारी र भौतिक संरचना अभावको समस्या पनि उस्तै छ। कर्मचारी समायोजन प्रक्रिया सुस्त हुँदा प्रदेश र स्थानीय तहको काम, कारबाही र सेवा प्रक्रियामा बाधा परेको छ। प्रदेश लोकसेवा आयोग र प्रहरी गठनका लागि सरकारको ध्यानै गएको छैन। स्थायी राजधानी कुन ठाउँमा बनाउने भन्ने चर्चा त अझै बाँकी छ। कानुन अभावका कारण केहीमा अन्तरिमकालीन व्यवस्था गरी काम अघि बढाउनुपरेको छ।

संघ सरकारले आफूलाई चाहिने कर्मचारी राखेर फाजिल कर्मचारी प्रदेशमा पठाउने बताए पनि प्रदेश सरकारले प्रादेशिक भावना आत्मसात् गर्ने कर्मचारी आफैले भर्ना गर्न नपाए संघीयता कार्यान्वयन गर्न गाह्रो हुने बताएको छ। संविधानको धारा २४४ (३) अनुसार कर्मचारी भर्नाका लागि प्रदेश लोकसेवा आयोग गठन गरी उक्त आयोगको मापदण्ड तोक्नुपर्छ तर यो काम पनि शून्य नै छ।

मन्त्रीहरूले कानुनका लागि कुरेर बस्नुपरेकाले जनअपेक्षाअनुसार काम गर्न नसकिएको दाबी गरेका छन्। यद्यपि यो आर्थिक वर्षभित्र प्रदेशमा चाहिने सबै कानुन बनाइने दाबी गरिएको छ। संसद्मा प्रस्तुत गरिएको प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार प्रदेशको शासकीय प्रबन्ध एवम् संगठनात्मक संरचनाको परिमार्जन र सुदृढीकरण गर्दै कानुन बनाउने कार्यलाई प्राथमिकता दिई यही आव २०७५/०७६ भित्र बनाइसक्ने बताइएको छ।

अहिले ३ नम्बर प्रदेशमा ७ जना मन्त्री छन्। प्रदेशमा मुख्यमन्त्री डोरमणि पौडेल, भौतिक पूर्वाधार विकास मन्त्री केशव स्थापित, आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमकट्टेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरुणप्रसाद नेपाल, आर्थिक मामिला तथा योजना मन्त्री कैलाशप्रसाद ढुंगेल र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दाबा दोर्जे लामा र सामाजिक विकास मन्त्री युवराज दुलाल हुनुहुन्छ। उहाँहरू आआफ्नो कालमा संघर्षमय जीवन बिताएको प्रतिक्रिया दिनुहुन्छ। तर उहाँहरू सबैको काम तलब सुविधा बुझेर बस्नु जस्तो मात्रै भएको छ।

स्मरणीय छ, प्रदेशमा मुख्यमन्त्रीको पारिश्रमिक ६० हजार ९ सय ७० रुपियाँ छ। आवास सुविधा नलिए घर मर्मतका लागि मन्त्रीले वार्षिक १ लाख ३० हजार पाउनेछन्। फर्निचरका लागि मन्त्रीलाई एकमुष्ठ १ लाख उपलब्ध गराइएको छ।

मुख्यमन्त्रीका लागि सवारी, इन्धन, सञ्चार, अतिथि सत्कार, दैनिक भ्रमणभत्ता, विदेश भ्रमणभत्ता र १० लाख बराबरको दुर्घटना बीमा छ। मुख्यमन्त्रीले १ उपसचिव तहका स्वकीय सचिव, शाखा अधिकृत १, नासु तहका स्वकीय सचिव २ र २/२ सवारीचालक र कार्यालय सहयोगी सुविधा पाउनेछन्। मन्त्रीले शाखा अधिकृत र नासु तहका १/१ स्वकीय सचिव, सवारीचालक र कार्यालय सहयोगीको सुविधा पाउनेछन्।

मकवानपुर जिल्लाको क्षेत्र नम्बर २ (ख) बाट तत्कालीन एमालेबाट २० हजार ७ सय ३ मत ल्याएर विजयी भएका मुख्यमन्त्री पौडेल स्थानीय शासनका विज्ञ मानिनुहुन्छ। २०४९ र २०५४ सालको स्थानीय निकायको निर्वाचनमा हेटौंडा नगरपालिकाका मेयर निर्वाचित हुनुभएका उहाँले १५ वर्ष नेपाल नगरपालिका संघको अध्यक्ष भएर काम गर्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# शिक्षाका उपसचिव सरुवामा चलखेल

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले झन्डै १ सय २० उपसचिव सरुवा गर्दा चलखेल गरेको आरोप कर्मचारीले लगाएका छन्। कांग्रेसनिकट नेपाल निजामति कर्मचारी युनियन संघले अधिकांश कर्मचारी नेकपा निकटकालाई सरुवा गरेको आरोप लगाउँदै उक्त सरुवा पुनरावलोकन गर्न माग गरेको छ।

सरुवामा विवाद भएपछि मन्त्रालयले ६ दिनअघि सरुवा सूची सार्वजनिक गरे पनि प्रदेशमा सरुवा भएकाबाहेक झन्डै ७० जनालाई पत्र दिएको छैन। मन्त्री गिरिराजमणि पोखरेलको सचिवालयले मन्त्रालयको वेबसाइटमा प्रकाशित भएको सरुवाको सूची पुनः परिवर्तन गर्ने तयारी गरेको छ। स्रोतका अनुसार सरुवा भएका उपसचिवले पत्र माग्दा मन्त्रालयले अझै हेरफेर हुन सक्ने भन्दै पत्र दिन नमिल्ने जवाफ दिने गरेको एक उपसचिवले बताए।

मन्त्री पोखरेलले आफू निकटका कर्मचारीलाई पाठ्यक्रम विकास केन्द्र, इभेन्ट परियोजनामा सरुवा गरेको कर्मचारीको आरोप छ। संघका केन्द्रीय सदस्य दिवाकर शर्माले मन्त्रीले सरुवामा मनपरी गरेको आरोप लगाउँदै भन्नुभयो- 'हाम्रातर्फका कर्मचारीलाई पुरै पाखा लगाइएको छ।'

'९० प्रतिशत त नेकपा निकटका नै होलान् हाम्रो त १० प्रतिशत पनि छैन।' -उहाँले भन्नुभयो। संघका पदाधिकारीले यो विषयमा जानकारी लिन मन्त्रीलाई भेट गर्न खोज्दा निजी सचिवालयले इन्कार गर्ने गरेको आरोप लगाएका छन्।

'मन्त्रीले पद सम्हाल्नुभएको ५ महिना भयो हामीले अहिलेसम्म शुरूमै ५ मिनेट मात्रै भेटेका छौं।' -शर्माले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# अध्यक्ष प्रचण्ड भारततर्फ

काठमाडौं, (नेस)

नेपाल भारतबीचको सम्बन्ध सुधार गर्ने भन्दै नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ४ दिने भ्रमणका लागि बिहीबार नयाँ दिल्लीतर्फ प्रस्थान गर्नुभएको छ। भारत प्रस्थान गर्नुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा भएका सहमति र समझदारीलाई तार्किक ढंगबाट कार्यान्वयन गर्न आफूले भारत भ्रमण गर्न लागेको जानकारी दिनुभएको छ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष दाहालले भ्रमणको कुनै राजनीतिक एजेन्डा नभएको र नेपालको विकासका लागि द्विपक्षीय सहमति, समझदारी र विगतमा भारत सरकारले गरेका थुप्रै प्रतिबद्धताको स्मरण गराउन भ्रमण गर्न लागेको जानकारी गराउनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# आमाको नामबाट नागरिकता पाउन कठिन

प्रशान्त वली, काठमाडौं

बारा कलैया उपमहानगरपालिका-१३ घर भएकी बिना (नाम परिवर्तन)को बुबाले उनी सानी छँदै सौताने आमा ल्याए। बिनाले १८ वर्ष पुगेपछि बुबालाई नागरिकता बनाइदिन आग्रह गरिन् तर उनले मानेनन्। आमाको नामबाट नागरिकता बनाउन स्थानीय प्रशासनमा जाँदा बुबाको पनि नागरिकता मागियो। तर उनले आफ्नो नागरिकतासमेत दिएनन्। आफैलाई जन्म दिने बुबाको व्यवहारले बिनालाई हुनुसम्म पीडा भएको छ।

स्मरणीय छ, नेपालको संविधानमा नै आमाको नामबाट नागरिकता बनाउन पाउनुपर्ने संवैधानिक व्यवस्था गरिएको छ भने सर्वोच्च अदालतले समेत आमाको नामबाट नागरिकता पाउनुपर्ने फैसला गरिसकेको छ तर प्रशासनलाई न संविधानको हेक्का छ न सर्वोच्चको फैसलाको। उल्टो जनताको करले तलब खाएर जनताकै काम गर्न बसेका प्रशासनका मान्छे पीडितसँग पो फैसलाको प्रतिलिपि माग्छन्। बिनाको गुनासो छ- 'उनीहरू अदालतको कागज हुनुपर्छ भनेर आनाकानी गर्छन्, जति भने पनि सुन्दै सुन्दैनन्।'

उनी थप्छिन्- 'नागरिकता नै पाइन्न कि जस्तो लागिसक्यो। बुबाको पनि वास्ता गर्न छाडिसकें।'

काठमाडौं बस्दै आएका नवीन केसीको समस्या पनि उस्तै छ। उनका बुबा बेपत्ता हुनुभएको ७ वर्ष पुग्यो। उनलाई नागरिकता आवश्यकता पऱ्यो। उनले बुबाको नागरिकता फेला पार्न सकेनन्। त्यसैले आमाको नामबाट नागरिकता बनाउन स्थानीय प्रशासनलाई आग्रह गरे। स्थानीय प्रशासनले उनीसँग पनि बुबाकै नागरिकता माग्यो। त्यतिमात्र होइन, बिनालाई जस्तै 'आमाको नामबाट नागरिकता बनाउन पाउने अदालतको फैसला ल्याऊ' भन्यो। अप्ठ्यारोमा परेका नवीन भन्छन्- 'नागरिकता नबन्दा न त सीमकार्ड लिन पाएको छु, बैङ्क खाता खोल्न।'

(क्रमशः पृष्ठ ९ मा)

# विषाक्त पुतलीको बिगबिगी

टीका बन्धन, काठमाडौं

रङ्गी चङ्गी पुतली हेर्दा जति आर्कषक हुन्छ, बुझ्दै जाँदा उत्तिकै विषालु भएको पनि पाइन्छ। 'पुतली छुनुहुन्न, आँखामा झुस पऱ्यो भने आँखै बिग्रिन्छ' भन्ने जनश्रुति सायद यसकै लागि बनेको होला।

पुतलीका धेरै प्रजातिमध्ये 'ग्याजालिना मोथ'ले आँखा संक्रमण गराउने सम्भावना उच्च रहन्छ। यही पुतलीका कारण नेपालमा आँखा संक्रमितको संख्या हरेक वर्ष थपिँदै गएको छ। ग्याजालिनाको रौं आँखाका लागि जटिल समस्या बनेको र सो प्रजाति नेपालका लागि ठूलै चुनौती बन्न थालेको विज्ञहरू बताउँछन्। ग्याजालिनाको पुच्छरको टुप्पोमा रहने पहेंलो रङ मिश्रित रौं नै आँखाका लागि विषाक्त भएको पुतलीविज्ञ डा. भैया खनाल बताउनुहुन्छ। आँखा संक्रमण गराउने ग्याजलिना मोथ नै भएको पुष्टि उहाँले ८ वर्षअघि नै गर्नुभएको थियो।

'पोथी पुतलीले मात्रै फुल पार्ने र उक्त फुल रौंमै अड्किने बताउँदै उहाँ *नेपाल समाचारपत्र*सँग भन्नुहुन्छ- 'त्यस्तो रौं आँखामा परेमा जटिल संक्रमण गराउँछ, शरीरका अन्य भागमा समेत संक्रमण हुनसक्छ।'

डा. खनालका अनुसार फुललाई शत्रुबाट बचाउन सो पुतलीले शरीरबाट केमिकलसमेत फाल्छ। उक्त केमिकलले गर्दा शत्रुले फुललाई हमला गर्न सक्दैन। वर्षाद्मा यस्तो विषालु पुतलीका कारण आँखा संक्रमितको संख्या बढ्दो क्रममा रहेको बताइएको छ। काठमाडौंका टिचिङ अस्पताल, आँखा अस्पताल त्रिपुरेश्वर, तिलगंगा आँखा प्रतिष्ठान गौशालामा यस्ता बिरामीको संख्या वर्षेनी बढ्ने तिलगंगा आँखा अस्पतालकी सह-प्राध्यापक डा. अनु मानन्धर बताउनुहुन्छ।



पुतली संक्रमित बिरामीको संख्या बढ्न थालेपछि ग्याजलिनाका रौंमा रहेका हानिकारक रसायनका विस्तृत पक्ष केलाउने प्रयास भइरहेको उहाँको भनाइ छ। 'रौंको विषाक्त पक्ष के हो भन्ने कुरा पत्ता लगाउने अध्ययन गर्ने तयारी भइरहेको छ।' -मानन्धर भन्नुहुन्छ।

उहाँका अनुसार गत वर्ष ग्याजलिना संक्रमित ४० भन्दा बढी बिरामी तिलगंगा पुगेका थिए। सेवाग्राहीले विस्तृत समस्या बताएपछि उपचारका क्रममा आँखामा ब्याक्टेरिया देखिएको र त्यसको मुख्य कारक ग्याजलिना नै रहेको पुष्टि भएको थियो। संक्रमणबारे प्रस्टयाउँदै उहाँ थप्नुहुन्छ- 'त्यसको रौं परेको ४८ घण्टाभित्रै उपचार भएमा राम्रो हुन्छ, उपचार ढिला भएमा दृष्टि गुम्न सक्छ।' अन्यत्रको तुलनामा गत वर्ष पोखरा र आसपासका सेवाग्राही यस्तो समस्या लिएर तिलगंगा आएका थिए भने विगतमा सिन्धुपाल्चोक, सोलुखुम्बु, ताप्लेजुङलगायतका जिल्लाबाट आएको प्रतिष्ठानको तथ्यांक छ। करिब ४० वर्षअघि पोखराको एक विद्यालयका विद्यार्थीमा एकैसाथ आँखाको समस्या देखिएपछि नेत्र विशेषज्ञहरूले पुतलीबारे चासो बढाएका थिए।

पुतलीविज्ञ डा. खनालका अनुसार तराईबाहेक नेपालका मध्यपहाडी भेगमा ग्याजेलिनाको चहल-पहल पाइएको छ। ३ हजारभन्दा बढी निशाचर पुतलीमध्ये यो प्रजाति आँखाका लागि जोखिम बनेको छ। खासगरी मर्करी, सीएफएल चिम र ट्युबलाइटजस्ता चम्किलो सेतो बत्तीको उज्यालोमा यस्तो पुतली झुम्मिने भएकाले घरभित्रै रौंको संक्रमण बढ्न सक्ने उहाँको भनाइ छ।

'अरू पनि विषालु हुन सक्छन्, अन्य प्रजातिबारे विस्तृत अध्ययन हुन बाँकी छ', खनाल थप्नुहुन्छ- 'अन्यभन्दा ग्याजलिना बढी विषाक्त भएको पुष्टि भएको छ।'

उहाँका अनुसार भारतको उत्तरपूर्वी भेगका मध्यपहाडी क्षेत्रमा पनि यस्तो पुतलीले संक्रमण गराइरहेको भए पनि समाधानको पक्ष पहिल्याउने विषयमा अध्ययन हुन सकेको छैन।

# महानगर

सार्कमा आबद्ध ८ राष्ट्रमध्ये ५ राष्ट्रले साफ च्याम्पियनसिपको उपाधि जितिसकेका छन्। जसमध्ये भारत सर्वाधिक ७ पटक च्याम्पियन टोली हो भने श्रीलंका, बंगलादेश, माल्दिभ्स र अफगानिस्तानले समेत समान एक–एक पटक उपाधिमा आफ्नो नाम लेखाएका छन्।

कविरस शर्मा
kabirash2006@gmail.com



# साफ फाइनल खेल्न भोकाएको नेपाल

दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत फुटबलतर्फ ३ पटक स्वर्ण जितिसकेको नेपाल दक्षिण एसियाली फुटबल फेडेरेसन च्याम्पियनसिपमा भने अहिलेसम्म फाइनलसम्म पुग्न सकेको छैन। सार्कमा आबद्ध ८ राष्ट्रमध्ये ५ राष्ट्रले दक्षिण एसियाली राष्ट्रको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता साउथ एसियन फुटबल फेडेरेसन (साफ) च्याम्पियनसिपको उपाधि जितिसकेका छन्। जसमध्ये भारत सर्वाधिक ७ पटक च्याम्पियन टोली हो भने श्रीलंका, बंगलादेश, माल्दिभ्स र अफगानिस्तानले समेत समान एक-एक पटक उपाधिमा आफ्नो नाम लेखाएका छन्। तर, भुटान तथा समान दुई-दुई पटक आयोजक बनिसकेका नेपाल र पाकिस्तानले भने अहिलेसम्म साफ उपाधि जित्न सकेका छैनन्। यति मात्र होइन, प्रतियोगितामा ४ पटक सेमिफाइनल पुगेको नेपाल र ३ पटक सेमिफाइनल पुगेको पाकिस्तानले फाइनलसम्मको पनि यात्रा गर्न सकेको छैन।

सन् १९९७ मा नेपालमै आयोजना भएको प्रतियोगितादेखि साफ च्याम्पियनसिप शुरू भएको हो। त्यसअघि सार्क गोल्डकपका नामबाट सन् १९९३ मा पाकिस्तान र १९९५ मा श्रीलंकामा खेलाइएको थियो। यी दुई प्रतियोगितासमेत जोड्दा अहिले बंगलादेशमा जारी साफको यो १२ औं संस्करण हो। दुईपटक घरमै साफ च्याम्पियनसिप आयोजना गरिसकेको नेपालले प्रतियोगितामा सेमिफाइनलभन्दा माथिको नतिजा निकाल्न सकेको छैन। पछिल्लोपटक सन् २०१३ मा काठमाडौंमै भएको प्रतियोगितामा नेपाल सेमिफाइनल पुग्यो र अफगानिस्तानसँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरियो। यसअघि सन् १९९३, १९९९, १९९५ र २०११ मा पनि नेपाल सेमिफाइनलसम्म पुगेको थियो।

यसपटक पनि प्रतियोगिताको १२औं संस्करण गत मंगलबारदेखि बंगलादेशको ढाकास्थित बंगबन्धु रंगशालामा शुरू भइसकेको छ। नेपालसहित बंगलादेश, पाकिस्तान र भुटान समूह 'ए' मा छन्। भारत, माल्दिभ्स र श्रीलंका समूह 'बी' मा रहेका छन्। भदौ १९ देखि ३० गतेसम्म जारी रहने प्रतियोगिताअन्तर्गत नेपालले आफ्नो पहिलो खेल भदौ १९ गते पाकिस्तानसँग खेलिसकेको छ। जसमा नेपाली टोलीले खेलको अन्तिम मिनेटमा गोल बेहोरेपछि पहिलो गाँसमै ढुंगा टोक्नुपर्‍यो। यस्तै समूहको दोस्रो खेलमा भने भुटानलाई ४-० को फराकिलो गोलअन्तरले हराउँदै नेपालले सेमिफाइनल खेल्ने सम्भावनालाई जीवितै राखेको छ। नेपालले समूह चरणको अन्तिम खेल आयोजक बंगलादेशसँग भदौ २२ गते खेल्नेछ। यदि बंगलादेशविरुद्धको खेलमा पनि जित हासिल गरेमा भने नेपालको सेमिफाइनल यात्रा लगभग निश्चित हुनेछ।

साफ च्याम्पियनसिपको सबै संस्करणमा सहभागिता जनाएको नेपाले सेमिफाइनलभन्दा माथिको सफलता हात पार्न सकेको छैन। एघार संस्करण सकिँदासम्म नेपालले कुल तीनपटक सेमिफाइनल खेल्यो। सन् १९९९ को संस्करणमा भने नेपालले चौथो स्थान प्राप्त गरेको थियो। त्यसपछि सन् २०११ र २०१३ को संस्करणमा सेमिफाइनलसम्म पुग्न सफल भएको छ। यसबाहेकको संस्करणमा नेपालको उपलब्धि राम्रो रहन सकेन। अहिले नेपालको समूहमा रहेको आयोजक बंगलादेशलाई छोड्ने हो भने अहिलेसम्म उपाधि जित्न नसकेको पाकिस्तान र भुटान छन्।

सन् १९९३ मा सार्क गोल्डकपको नामबाट शुरू भएको यो प्रतियोगिता पाकिस्तानको लाहोरमा आयोजना भएको थियो। आयोजक पाकिस्तानसँगै नेपाल, भारत र श्रीलंकाले सहभागिता जनाएको पहिलो संस्करणमा नेपाल तेस्रो भएको थियो। लिगका आधारमा सञ्चालित सो संस्करणमा नेपालले पाकिस्तान र श्रीलंकासँग बराबरी खेलेको थियो भने भारतसँग पराजित भएको थियो। प्रतियोगिताको उपाधि भारतले जितेको थियो।

सन् १९९५ मा भएको दोस्रो संस्करणमा बंगलादेशले पनि सहभागिता जनायो। समूह चरणका दुई खेलमध्ये एकमा जित निकालेर सेमिफाइनल



पुगेको नेपाल सेमिफाइनलमा भने श्रीलंकासँग अतिरिक्त समयमा 'गोल्डेन गोल' को आधारमा पराजित भएको थियो। भारतका चर्चित खेलाडी भाइचुंग भुटियाले अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यु गरेको उक्त संस्करणको फाइनलमा आयोजक श्रीलंकाले अतिरिक्त समयमा जित निकाल्दै उपाधि उचालेको थियो। सन् १९९७ मा नेपालले पहिलोपटक साफ च्याम्पियनसिप आयोजना गरेको थियो। अघिल्लो संस्करणमा सहभागिता फिर्ता लिएको माल्दिभ्सले पनि डेब्यु गरेको थियो। तर, नेपालको प्रदर्शन खराब रह्यो। नेपालले समूह चरण पनि पार गर्न सकेन। प्रतियोगिताको उपाधि भने भारतले जित्यो।

भारतमा आयोजना भएको सन् १९९९ को संस्करणमा भुटान र अफगानिस्तानले पनि सहभागिता जनाएका थिए। सेमिफाइनलमा बंगलादेशसँग पराजित भएको नेपाल चौथो भएको थियो। बंगलादेशलाई हराउँदै भारतले तेस्रोपटक उपाधि जित्यो। त्यसपछि सन् २००३, २००५, २००८ र २००९ को संस्करणमा नेपालले समूह चरण पनि पार गर्न सकेन। सन् २०१३ को संस्करण नेपालमा नै आयोजना भएको थियो। सेमिफाइनलमा अफगानिस्तानसँग पराजित हुँदै नेपालको यात्रा फेरि पनि टुंगिन पुग्यो। सन् २०१५ मा भारतमा आयोजना भएको ११औं संस्करणमा नेपालले समूह चरण पनि पार गर्न सकेन। प्रतियोगितामा भारत सर्वाधिक सफल टिम हो। ११ मध्ये भारतले ७ वटा संस्करणको उपाधि जितेको छ भने तीनपटक उपविजेता बनेको छ।

दक्षिण एसियाली फुटबलमा नेपालले हराउन बाँकी कुनै टोली छैन। पछिल्लो २ वर्षयता नेपाली टोलीले राम्रै एक्स्पोजर पनि पाइरहेको छ। नेपाली टोलीले साफ च्याम्पियनसिपलाई लक्ष्य गरी ३ महिनाअघिदेखि बन्द प्रशिक्षणमा गरेको थियो। यसबीचमा नेपाली युवा टोलीले एसियाली खेलकुदमा सहभागिता जनायो भने थाइल्यान्डको युवा टोलीसँग मैत्रीपूर्ण म्याच पनि खेल्यो।

साफ च्याम्पियनसिप तयारीको क्रममा दुई साताअघि नेपालको यु-२३ टोलीले इन्डोनेसियामा एसियाली खेलकुदमा सहभागिता जनायो। समूह 'डी' मा रहेको नेपालले जापान, भियतनाम र पाकिस्तानसँग खेलेको थियो। तर, तीनै खेलमा पराजय देख्नुपर्‍यो। त्यसअघि पनि नेपालले सन् २०१९ मा हुने एसिया कपको तेस्रो चरणको छनोट प्रतियोगिता खेलेको थियो। जारी साफ च्याम्पियनसिपअन्तर्गत समूहको दोस्रो खेलमा भुटानलाई ४-० ले हराउनुअघिसम्म नेपालले ७ खेलमा जित हासिल गर्न सकेको थिएन। सन् २०१६ को नोभेम्बरदेखि नेपाली टोली लगातार ७ अन्तर्राष्ट्रिय खेलमा जितविहीन बनेको थियो। मलेसियामा भएको एएफसी सोलिडारिटी कप जितेयता ७ मध्ये ५ मा हार र दुई बराबरीको नतिजा निकालेको नेपालले ३ खेल घरेलु मैदानमै खेलेको थियो।

साफ च्याम्पियनसिपको ७ पटकको विजेता तथा साविक विजेता भारतले यसपटक यु-२३ टोलीलाई खेल्न पठाएको छ। मुख्य प्रशिक्षक स्टेफन कन्स्टेन्टाइन रहेको भारतीय यु-२३ टोलीले अस्ट्रेलियामा विशेष तयारी गरेको छ। त्यसै गरी, सन् २०१३ मा काठमाडौंमा भएको साफ च्याम्पियनसिप र सन् २०११ को भारतमा भएको साफ च्याम्पियनसिपमा अफगानिस्तानले नेपाललाई पराजित गरेको थियो। तर, यसपटक प्रतियोगितामा अफगानिस्तान समावेश छैन।

सन् २०१३ को च्याम्पियन अफगानिस्तान सेन्ट्रल एसिया फुटबल फेडेरेसनको संस्थापक सदस्यका रूपमा उतैबाट फुटबल खेल्ने निर्णय गरी साफबाट बाहिरिसकेको छ। भारत र अफगानिस्तानको पछिल्लो कदमले अन्य दक्षिण एसियाली फुटबल राष्ट्रलाई उपाधि जित्न सहजसमेत बनेको छ। तर, यसले दक्षिण एसियाको फुटबल स्तर अझै खस्कनेमा भने शंका उत्पन्न भएको छ। तर, अखिल नेपाल फुटबल संघका अध्यक्ष कर्मा छिरिङ शेर्पा साउथ वेस्ट एसियन फुटबल फेडेरेसन (स्वाफ) मा आबद्ध भएसँगै नेपालले दक्षिणपूर्वी एसियाली राष्ट्रहरूसँग पनि प्रतियोगिता खेल्ने बाटो खुलेको छ। लामो समयदेखि दक्षिण एसियामा मात्र केन्द्रित नेपाली फुटबलका लागि अब स्तर उकास्न स्वाफलाई पनि विकल्पका रूपमा लिन सक्नेछ।

पछिल्लो फिफा वरीयतामा दक्षिण एसियाली मुलुकमध्ये भारत सबैभन्दा अग्रस्थानमा छन्। भारत ९६औं स्थानमा रहँदा १५०औं स्थानमा माल्दिभ्स, १६१औं स्थानमा नेपाल, १८३औं स्थानमा भुटान, १९४औं स्थानमा बंगलादेश, २००औं स्थानमा श्रीलंका र २०१औं स्थानमा पाकिस्तान छन्। दक्षिण एसियाको फिफा वरीयता हेर्ने हो भने श्रीलंका र पाकिस्तान फिफा वरीयतामा नेपालभन्दा तल छन्। वरीयतामा पछाडि परे पनि समूहको पहिलो खेलमा पाकिस्तानले नेपाललाई २-१ ले पराजित गरिसकेको छ। दुई साताको अन्तरमा पाकिस्तानले नेपाललाई दुईपटक पराजित गरेको हो। त्यसैले वरीयताकै आधारमा टिमको प्रदर्शनलाई आँकलन गर्नु उपयुक्त नहुन सक्छ।

अखिल नेपाल फुटबल संघ एन्फाले १२औं साफ च्याम्पियनसिप जितेमा खेलाडीलाई जनही ५ लाख रुपियाँ दिने घोषणा गरेको छ। कुनै पनि प्रतियोगिता खेल्न जानुअघि उपाधि जितेमा पुरस्कारको घोषणा गर्ने पुरानो चलन नेपाली खेलकुदको परम्परा नै बनेको छ। खेलस्तरको मापन नगर्ने, कुम्भकर्ण निन्द्रामा रहेको घरेलु फुटबलको हेक्कासमेत नराख्ने अनि उपाधि जितेमा भारी धनराशी पुरस्कारको घोषणाले टिमको प्रदर्शन के-कति परिणाममुखी भएको छ भनेर नेपाली खेलकुदमा जगजाहेर नै छ।

१२औं साफ च्याम्पियनसिप ढाकाको बंगबन्धु रंगशालामा जारी छ। यो त्यही मैदान हो जहाँ नेपालले २ वर्षअघि बंगबन्धु गोल्डकप फुटबलको उपाधि उचालेको थियो। त्यो पनि बालगोपालकै प्रशिक्षणमा। त्यो नेपाली फुटबलले सन् १९९३ पछि जितेको सबैभन्दा ठूलो उपाधि थियो। त्यसले लामो समयदेखिको पदकविहीनता स्थितिलाई तोडेको थियो। बंगलादेशको मैदान नेपालका लागि फाप्छ भनेर प्रमाण खोज्न धेरै पर जानुपर्दैन। यो त्यही मैदान हो जहाँ नेपालले २ वर्षअघि बंगबन्धु गोल्डकप फुटबलको उपाधि उचालेको थियो। त्यो पनि बालगोपालकै प्रशिक्षणमा। त्यस उपाधि नेपालले सन् १९९३ पछि जितेको सबैभन्दा ठूलो उपाधि थियो। त्यसले नेपालको लामो समयदेखिको पदकविहीन खडेरी तोडेको थियो।

सन् १९९३ मा बंगलादेशको ढाकामा भएको दक्षिण एसियाली खेलकुदमा नेपाल स्वर्णविहीन हुँदै घर फर्कनुपर्ने अवस्था सिर्जना भएको थियो। तर, फुटबलको फाइनल स्पर्धा भने बाँकी नै थियो। नेपालले बंगलादेशको राष्ट्रिय रंगशालामा भारतलाई पेनाल्टी सुटआउटमा हराउँदै स्वर्ण जित्न सफल पनि भयो। त्यति बेला खेलाडीका रूपमा रहेका बालगोपाल अहिले मुख्य प्रशिक्षक छन्। यसपटक पनि नेपालले बंगलादेशको मैदान र मुख्य प्रशिक्षकमा बालगोपाललाई नै पाएको छ। तर, यसपटक भने बंगलादेशी मैदान नेपाली फुटबललाई कति फाप्ने हो त्यो भविष्यले नै बताउनेछ।







**घुमघाम**
नायक निखिल उप्रेती र नायिका सञ्चिता लुइँटेल छोराछोरीका साथ घुमघाममा।

PAGE3

**दुई भाइ**
छायांकार पुरुषोत्तम प्रधान र कोरियोग्राफर कविराज गहतराज सुटिङ सेटमा।



# जय भोले ट्रेलरमा इन्टरटेन्मेन्टको फुल डोज





निर्माता, निर्देशक, अभिनेता तथा प्रदर्शक अशोक शर्माले १२ वर्षको अन्तरालपछि बनाएको फिल्म *जय भोले*मा मनोरञ्जनको फुल डोज पाइने संकेत मिलेको छ। बिहीबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक फिल्मको ट्रेलर हेर्दा त्यसमा भनिएझैं मनोरञ्जनको फुल डोज पाइन्छ।

खगेन्द्र लामिछानेको लेखन तथा मुख्य भूमिका रहेको फिल्मको ट्रेलरमा उनका साथमा सौगात मल्ल, स्वस्तिमा खड्कादेखि अशोक शर्मा, लक्ष्मी गिरी, सलोन बस्नेत, जयनन्द लामा, रामचन्द्र अधिकारी, राजाराम पौडेल, शूरवीर पण्डित, बुद्धि तामाङ, वसुन्धरा भुसाललगायत फिल्मका प्राय: कलाकारलाई प्रस्तुत गरिएको छ।

*यसपालिको दशैं जय भोलेसँगै* भन्दै सार्वजनिक गरिएको ट्रेलरमा थोरै मानवीय संवेदना र धेरैजसो कमेडी प्रस्तुत गरिएको छ। ट्रेलरमा खगेन्द्र लामिछाने रोचक पात्रका रूपमा देखिएका छन्।

'ट्रेलर जे हो, फिल्म पनि त्यही हो। *जय भोले* ट्रेलरमा एकथरी र फुल मुभीमा अर्कोथरी छैन। बरु यसबाहेक ठोस कुरा पनि फिल्ममा पाइनेछ', कार्यक्रममा फिल्मबारे जानकारी दिँदै निर्माता/निर्देशक शर्माले भने- 'यसमा थोरै मात्र सेन्टिमेन्टल कुरा छ। अरू सबै इन्टरटेन्मेन्ट मात्र छ। फिल्म ब्यालेन्सभन्दा बाहिर गएको छैन, रोमान्टिक फिल्म बनेको छ।' फिल्म *पशुपतिप्रसाद* हेरेपछि त्यसका नायक तथा लेखक खगेन्द्र लामिछानेलाई फिल्म लेखिदिन र मुख्य भूमिकामा खेल्न अफर गरेको खुलाए। 'यसको स्क्रिप्टमा हामीले १३ महिना जति बितायौं। फिल्ममा खगेन्द्रलाई फरक भूमिकामा देखिन्छ। फिल्ममा लिड रोलका लागि खगेन्द्रलाई भन्दा उनले आफूले कहिल्यै पनि त्यस्तो रोलमा नखेलेको भन्दै खेल्न मानेका थिएनन्। तर मैले नै उनलाई एउटा एक्टर भएपछि जस्तो भूमिका पनि निभाउनुपर्छ भनेर मनाएँ।' -अशोकले भने। कार्यक्रमामा शर्माले गायक राजेशपायल राईको राजेशपायल राई फाउन्डेसनलाई २५ हजार रुपियाँ सहयोगसमेत गरे।

फिल्म दशैंमा रिलिज हुँदै छ। त्यही बेला नामका आधारमा लोकप्रिय सिरिज *छक्का पञ्जा* ३ पनि आउने भएपछि दुवै फिल्मले गते तोकेका छैनन्। 'छिमेकी देशमा ईदको दिन पारेर फिल्म रिलिज गरिन्छ। ईद राम्रोसँग चन्द्रमा देखिएपछि मनाइन्छ। त्यसको एक महिना अघिदेखि रामदान मनाइन्छ। *जय भोले* पनि दशैंको समयमा जुन दिन राम्रोसँग सूर्य उदाउँछ त्यही दिन रिलिज हुन्छ', पत्रकारहरूले फिल्मको रिलिज डेटबारे पटकपटक प्रश्न उठाएपछि शर्माको भनाइ थियो- 'कौरव र पाण्डवभन्दा माथि *जय भोले* हुन्छ।'

गायक राजेशपायल राईले फिल्म *गरीब*मार्फत फिल्म क्षेत्रमा मौका दिने निर्देशक अशोक शर्माको फिल्ममा लामो समयपछि सँगै काम गर्दा खुसी लागेको बताए। 'सायद उहाँले २०५२ सालमा फिल्म गरीबमा मलाई नलिनु भएको भए आज म यो स्थानमा हुदिँनथें होला।' -राजेशले भने। अभिनेता खगेन्द्र लामिछानेले फिल्मको ट्रेलर आफूले पनि पहिलोपटक हेरेको र राम्रो बनेकोले दर्शकले रुचाउने विश्वास व्यक्त गरे भने सलोन बस्नेतले *जय भोले*मा काम गर्दा निकै रमाइलो लागेको बताए। अभिनेत्री लक्ष्मी गिरीले आफूले *जय भोले*मा पनि पहलमानको भूमिकामा अभिनय गरेको खुलाइन्। 'म मान्छेचाहिँ यस्तो सोभर छु तर फिल्मको ट्रेलरमा भएको फाइटको दृश्य हेरेर दर्शकले पहलमान नै ठान्ने होलान्। यस्तो खालको भूमिका खेलेपछि यस्तै मात्र अफर आउँछन्। अब भने यस्तो नगर्नुपर्ला।' -उनले भनिन्। अभिनेता राजाराम पौडेलले फिल्मको सेन्टिमेन्टल कथा आफूबाट शुरू हुने भन्दै ट्रेलरमा देखाइएको आफ्नो कपाल तानेको कारण नै फिल्ममा द्वन्द्व शुरू भएको तर यो कथा *जय भोले* २ को कथा भएको भन्दै सबैलाई झुक्याए। किरण शर्मा, कृति शर्मा तथा अंकित शर्माको निर्माण रहेको फिल्ममा संगीत राजनराज शिवाकोटी, नृत्य निर्देशन वसन्त श्रेष्ठ, द्वन्द्व बन नेपाल स्टन्ट टिम, छायांकन पुरुषोत्तम प्रधान र सम्पादन राजु ढुंगानाको रहेको छ।

# रोज र रामकहानी सँगै




केही समययता चाडपर्व नजिकिँदै जाँदा नेपाली फिल्मले सिंगल रिलिज पाउन छोडेका छन्। एकै साता २ वा २ भन्दा बढी फिल्म रिलिज हुन थालेका छन्। आज शुक्रबार पनि एकभन्दा बढी फिल्म रिलिजमा आउन लागेका छन्।

आज एकसाथ २ फिल्म एक आपसमा भिड्दै छन्। चकलेटी नायक प्रदीप खड्का अभिनित *रोज* र नायिका पूजा शर्मा अभिनित फिल्म *रामकहानी* आजबाट देशभर एकसाथ रिलिज हुन लागेका हुन्।

गोपीकृष्ण मुभिज र आरोही फिल्म्स्को ब्यानरमा निकिता पौडेल र मणिकरण केसीद्वारा संयुक्तरूपमा निर्मित, निरक पौडेल निर्देशित तथा उद्धव पौडेलद्वारा प्रस्तुत फिल्ममा लेखन केदार भुसाल, गीत राजेशकुमार श्रेष्ठ र दयाराम पाण्डे, संगीत अर्जुन पोखरेल र एलिस कार्की, कोरियोग्राफी कविराज गहतराज, छायांकन राजुविक्रम थापा र सम्पादन मित्र डी गुरुङको रहेको छ। फिल्ममा प्रदीप खड्का, परमिता राज्यलक्ष्मी राणा र मिरुना मगरको मुख्य भूमिका छ। कर्मा शाक्य, वरुण शमशेर जबरा, नरेश पौड्याल, केदार भुसाल, पल्पसा डंगोल, प्रकाश श्रेष्ठ, प्रदीप दाहाललगायतले पनि अभिनय गरेका छन्। नायक प्रदीप खड्काले बिगतको भन्दा *रोज*मा फरक काम गरेको बताएका छन्। एउटा सामान्य व्यक्ति कसरी आफूले सबैभन्दा बढी चाहेको प्रेमिकाको हत्या गर्न विवश भयो भन्ने भूमिकामा दर्शकले आफूलाई यो फिल्ममा हेर्न पाउने पनि उनले बताए। मिरुनाले यो फिल्ममा आफू वकिलको भूमिकामा भएको बताएकी छिन्। अर्की अभिनेत्री परमिताले आफू मोडलको भूमिकामा भएको खुलाएकी छिन्। एक सातासम्म मोफसलका ८ शहरमा कन्सर्ट गरेर काठमाडौं आएका प्रदीप, पारमिता र मिरुनाले बुधबार र बिहीबार पनि काठमाडौंमा कन्सर्ट गरेका थिए। फिल्मको नाम पहिले रोजी थियो। विवादका कारण यसको नाम परिवर्तन गरी *रोज* बनाइएको हो।

अभिनेत्री पूर्जा र निर्देशक सुदर्शन थापाको निर्माण रहेको फिल्म *रामकहानी*मा हास्यकलाकार केदार घिमिरे, जितु नेपाल, विल्सन विक्रम राई, रवीन्द्र झा, राजाराम पौडेलगायतका कलाकारको प्रमुख भूमिका रहेको छ। गीत-संगीतको कारण चर्चामा रहेको फिल्ममा सुदर्शन थापाको कथा, महेश दवाडी र दिनेश न्यौपानेको पटकथा तथा संवाद रहेको छ। अर्जुन पोखरेलको गीत तथा संगीत, कविराज गहतराज कोरियोग्राफी तथा बनिश शाह र मिलन श्रेष्ठको सम्पादन रहेको छ।



## सत्यहरिश्चन्द्रदेखिको विवरण अब एकै साइटमा

पहिलो फिल्म सत्यहरिश्चन्द्रदेखि अहिलेसम्म प्रदर्शनमा आएका १३ सय फिल्मको विस्तृत विवरण अब एकै ठाउँमा हेर्न सकिने भएको छ।

अहिलेसम्म प्रदर्शनमा आएका फिल्म र तिनमा आबद्ध कलाकार तथा प्राविधिकहरूको विस्तृत विवरण समावेश गरी बिहीबारबाट डाटाबेसमा आधारित वेबसाइट लेन्स नेपाल डट कमको सञ्चालनमा आएको हो।

लामो समय खर्चिएर विवरण संकलन गरिएको लेन्स नेपालका प्रकाशक विष्णुप्रसाद सुवेदीले बताएका छन्। उनका अनुसार सिने मासिक *कामना*का विशेष अंकहरूमा मात्र विभिन्न कालखण्ड गरी समावेश फिल्मको विवरण कामनाकै मुख्य सहयोगमा तयार पारिएको हो। कुन फिल्म कहिले बने, कोको फिल्मकर्मी संलग्न थिए, विधागतरूपमा कति व्यक्ति संलग्न भए वा छन्, फिल्म कुन प्रविधिमा बनेको हो, कुन जनराको हो यी र यस्ता यावत विषयहरू लेन्स नेपालले समावेश गरिएको छ। साथै चलचित्र अवार्ड र अवार्ड विजेताहरूको विस्तृत विवरण पनि समावेश गरिएको छ।

## मिसेस नेपालको विजेतालाई सिंगापुरको प्रतियोगितामा अवसर



हरेक वर्ष आयोजना हुँदै आएको विवाहित महिलाबीचको सौन्दर्य प्रतियोगिता *मिसेस नेपाल इन्टरनेसनल* २०१८ को विजेताले यस वर्ष सिंगापुरमा आयोजना हुने *मिसेस इन्टरनेसनल* २०१८ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाउने भएकी छिन्।

रिबन इन्टरटेन्मेन्ट प्रालिले आयोजना गर्न लागेको यो प्रतियोगितामा ३७ जना महिलाबीच प्रतिस्पर्धा हुनेछ। रिबन इन्टरटेन्मेन्टका पेजेन्ट डाइरेक्टर निशुकान्त झाका अनुसार चौथो संस्करणको यो प्रतियोगितामा मानव बेचबिखनविरुद्धको अभियानसमेत सञ्चालन गरिनेछ भने विजेताले पुरस्कारस्वरूप स्कुटर पनि पाउनेछिन्। प्रतियोगीहरूले नयाँ वानेश्वरस्थित अर्याल इन्टरनेसनल होटलमा विभिन्न विज्ञहरूद्वारा व्यक्तित्व विकास, अन्तर्राष्ट्रिय मोडलिङ वर्कसप, ग्रुमिङ, क्याटवक, शृंगार, जुम्बा, हस्पिटालिटी म्यानेजमेन्ट, फेसन, आर्टजस्ता विषयमा एक महिनादेखि प्रशिक्षण लिइरहेका छन्।

आगामी असोज ८ गते कोरियोग्राफर अश्विनी झाको कोरियोग्राफी र कार्यक्रम सञ्चालनमा जमलस्थित राष्ट्रिय नाचघरमा हुने प्रतियोगितामा विभिन्न पेसा तथा गृहिणी जीवन बिताइरहेका दीपा थपलिया, सविता देउला, सूक्ति खनाल, लक्ष्मी लिम्बु, प्रतिमा शर्मा, स्मृति श्रेष्ठ, मनिषा राजथला, जुनु शर्मा, रूपा सिवाकोटी, केशरी ढकाल, विमला नुगो लिम्बु, दीपिका बर्मा, नर्मदा सोराली, रबिना परियार, सरस्वती थापा, शान्ति बडे, बिना मगर जोशी, शर्मिला श्रेष्ठ, नम्रता गिरी, अर्चना रिमाल, रश्मी थापा, प्रमिक्षा पोखरेल, मनिषा पाण्डे, रिज्जी सेडाइँ, प्रियंका खनियाँ, विष्णु राना, अनिला महर्जन, तेजमाया लिम्बु, चन्दा थापा गिरी, अनिता विश्वकर्मा, सृष्टि महर्जन, अनिता बिमली, श्रीलक्ष्मी श्रेष्ठ थापा, मिलन शाह, राधा रिमाल र सपना प्रधानांगले स्पर्धा गर्नेछन्।



# विचार

सबै आ-आफ्ना समस्याबाट ग्रस्त रहेका हुन्छन्।
- वेदव्यास

मानिसको खानाअनुसार नै विचार बन्दछ।
- सत्य साइबाबा

## सम्पादकीय

नेपाल समाचारपत्र

## पार्किङ समस्या समाधानार्थ कामनपाको सराहनीय योजना

काठमाडौंका व्यस्त बजारमा सवारीसाधन पार्किङको समस्या दिन–प्रतिदिन बढिरहेको छ। जतातत्तै अव्यवस्थित पार्किङले एकातिर शहर नै कुरूप बन्न पुगेको छ भने अर्कातिर व्यापारी एवम् पैदल यात्रीलाई समेत बाधा पुगेको देखिन्छ। भित्री शहरमा हुने सवारीसाधनको अस्तव्यस्ततालाई कम गर्न काठमाडौं महानगरपालिकाले केही भित्री शहरमा दिउँसोको समयमा चारपाङ्ग्रे सवारीसाधन प्रवेशमा रोक लगाएको पनि हो। तर भित्री शहर र आसपासमा समेत सवारी पार्किङ स्थल नभएकाले महानगरपालिकाको यो निर्णय विवादास्पद नै रह्यो। यसरी अस्थायी प्रकृतिको समाधानभन्दा पनि दीर्घकालीन समाधानका उपाय अवलम्बन गर्नु अपरिहार्य छ।

हुन त शहरका कतिपय व्यापारिक भवनको अन्डरग्राउन्ड सवारीसाधन पार्किङका लागि बनाइए पनि अन्य प्रयोजनमा प्रयोग भइरहेको देखिन्छ। सवारी पार्किङका लागि भनी बनाइएका अन्डरग्राउन्ड सोही प्रयोजनमा प्रयोग भइरहेको छ वा छैन भन्ने खोजी गरी कडाइ गर्नु पनि जरुरी छ। यसो गर्न सकियो भने पनि केही हदसम्म समस्या न्यून गर्न सकिन्छ।

काठमाडौंका व्यस्त शहरमा पार्किङको समस्या बढिरहेकाले लामो अध्ययनपछि महानगरपालिकाले उपत्यकाका तीन स्थानमा अत्याधुनिक पार्किङस्थल निर्माण गर्ने योजना अगाडि सारेको छ। काठमाडौं महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको धर्मपथस्थित जग्गामा स्मार्ट पार्किङ निर्माण गर्न इच्छुक कम्पनीसँग आसयपत्रसमेत माग गरिसकेको छ। त्यस्तै दरबारमार्ग र न्यूरोडस्थित असन–इन्द्रचोकतर्फ जाने सडकमा मोबाइलबाट समयसीमा जानकारी लिन मिल्ने गरी दुई स्थानमा डिजिटल पार्किङ बनाउने योजना अघि बढाएको छ। न्यूरोडमा मोबाइल प्रयोग गरी सञ्चालन गर्न सक्ने डिजिटल पार्किङ नेपालकै पहिलो हुने बताइन्छ।

कामपाले धर्मपथमा १ रोपनी १० आना जग्गामा निर्माण गर्न लागेको पार्किङस्थलमा ५ सय सवारीसाधन अट्नेछन्। यो पार्किङ भवन ७ तलाको हुनेछ। त्यस्तै दरबारमार्गमा १ सय र न्यूरोडस्थित असन–इन्द्रचोकतर्फ जाने सडकमा बनाइने पार्किङ स्थलमा २ सय ५० वटा चारपाङ्ग्रे सवारीसाधन पार्किङ गर्न सकिने जनाइएको छ। पार्किङस्थल पहुँचयुक्त, पैदलयात्री–मैत्री, बस्ने तथा पर्खने ठाउँको व्यवस्था, पर्याप्त उज्यालो, विद्युतीय सवारी चार्ज स्टेसन, कार सफाइ तथा मर्मत सुविधा, पार्किङ सेन्सर आदिले सुविधा सम्पन्न हुने जनाइएको छ। तीनवटै पार्किङस्थल निर्माण भएपछि राजधानीको दरबारमार्ग र न्यूरोड आसपासको पार्किङ व्यवस्थापनमा अवश्य सुधार आउनेछ। योजना मात्र नभएर शीघ्र कार्यान्वयन हुन सक्यो भने महानगरको यस कार्यको सराहना गर्नैं पर्छ। आशा गरौं, अब भने यस क्षेत्रको पार्किङ समस्या समाधान होला कि !

सन्दर्भ : सूचनाको हकको प्रचलन

# स्थानीय तहबाट अपेक्षा गरिएको भूमिका



कृष्णहरि बास्कोटा

कानुनले नागरिकको सूचनाको हकको सम्मान गर भनेको छ, यसर्थ सूचना मागकर्तालाई सूचना दिने मात्रै होइन, वर्षभरिमा उत्कृष्ट सूचना माग्नेलाई पुरस्कृत गर्नुपर्छ। समय-समयमा सूचना सार्वजनिक गर्न सूचना प्रवाहको मितिसहितको तालिका सार्वजनिक गर्नुपर्छ। कम्तीमा वर्षमा एकपटक भए पनि सूचनाको हकसम्बन्धी तालिमको आयोजना गर्नुपर्छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था गरिएको छ। नागरिकको यस मौलिक हकको प्रभावकारी प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ। यस ऐनको दफा १९ अनुसार राष्ट्रिय सूचना आयोगले मुलुकका ७५३ वटा स्थानीय तहको नाममा ५ बुँदे आदेश जारी गरेको छ। यसको अक्षरश: पालना गर्नु यी निकायहरूको प्रथम कर्तव्य हो। आयोगले प्रत्येक तीन-तीन महिनामा स्थानीय तहबाट सम्पादित काम सो अवधि व्यतीत भएको १५ दिनभित्र अनिवार्यरूपमा नियमित ढंगले सार्वजनिक गर्नू भन्ने आदेश जारी गरेको छ। यसै गरी सूचना अधिकारी तोकी निजको सम्पर्क नम्बर र फोटोसहितको विवरण फ्लेक्स बोर्ड वा अन्य उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्नू भनी अर्को बुँदामा आदेश जारी गरेको छ। साथै आयोगले स्थानीय तहलाई सूचना शाखा वा सूचना केन्द्रजस्ता निकाय/संयन्त्र खडा गर्ने पहल गर्नुका साथै सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्नू भन्ने आदेश जारी गरेको छ। यस अतिरिक्त आयोगले स्थानीय तहमा आधुनिक सञ्चार प्रणाली लागू गर्नू र विद्युतीय अभिलेख प्रणाली स्थापना गर्नू तथा स्थानीय तहको कानुन, नीति, वार्षिक कार्ययोजना, दीर्घकालीन सोचजस्ता दस्ताबेजहरू तयार गर्दा नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनको सुनिश्चितता गर्नू भन्ने आदेश जारी गरेको छ। यति आदेशको पालना मात्रैले पनि स्थानीय तहमा अपेक्षित पारदर्शिता र सुशासन कायम हुने प्राय: निश्चित छ।

राष्ट्रिय सूचना आयोगले स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतहरूसँग निरन्तर अन्तरक्रिया गरी आएको छ। यस्तो अन्तरक्रियामा आयोगले ७ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्न प्रस्ताव गरेको छ। जसअनुसार स्थानीय तहले सूचनाको हकसम्बन्धी ऐनको दफा ४ बमोजिम सूचनाको हकको सम्मान र संरक्षणमा प्रतिबद्ध हुनेछौं भन्नुपर्नेछ। यसै गरी सूचनाको हकसम्बन्धी ऐनको दफा ५ र नियमावलीको नं. ३ बमोजिम आ-आफ्नो कार्यालयबाट सम्पादित कामको विवरण प्रत्येक तीन-तीन महिना व्यतीत भएको १५ दिनभित्र आ-आफ्नो कार्यालय परिसरभित्र सर्वसाधारणको जानकारीका लागि नियमितरूपमा प्रकाशित गर्नेछौं भनी जनतासामु कबुल गर्नुपर्छ। साथै सूचनाको हकसम्बन्धी ऐनको दफा ६ र नियमावलीको नं. २४ क बमोजिम सूचना अधिकारी तोकी निजको नाम, फोटो र सम्पर्क नम्बरसहितको फ्लेक्स बोर्ड आ-आफ्नो कार्यालय परिसरमा सार्वजनिक गर्नेछौं भन्नुपर्छ। सूचनाको हकसम्बन्धी ऐनको दफा ७ बमोजिम नागरिकबाट माग हुने सूचना कानुनले निर्दिष्ट गरेको समय सीमाभित्रै उपलब्ध गराउन प्रतिबद्ध छौं भन्नुपर्छ। स्थानीय तहबाट जारी गरिने यस्तो सार्वजनिक प्रतिबद्धतापत्रमा सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम सूचना मागसम्बन्धी निवेदनको छुट्टै दर्ता किताब र फाइल खडा गरी सूचना माग भएको र प्रवाह भएको विवरण अद्यावधिक गर्नेछौं, प्रत्येक महिनाको बैठकमा सूचना प्रवाहको एजेन्डा राख्नेछौं, प्रत्येक तीन-तीन महिना व्यतीत भएको १५ गतेका दिन प्रगति विवरणसहित पत्रकार भेटघाट कार्यक्रमको आयोजना गर्नेछौं र सूचना लिने-दिने संस्कृतिको विकास गरी पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गर्न पूर्ण प्रतिबद्ध छौं भनी जनतासामु कबुल गर्नुपर्दछ। यसो गरिएमा निर्वाचित जनप्रतिनिधिप्रति आमजनताको विश्वास र भरोसा सुदुढ हुनेछ, जसमा निर्वाचित जनप्रतिनिधिहरू गम्भीर हुनै पर्छ।

स्थानीय तहले सूचनाको हकसम्बन्धी कानुन निर्माणको पहल गर्नुपर्छ। साथै सूचनादाताको संरक्षण गर्ने कानुन पनि निर्माण गर्नुपर्छ। यस अतिरिक्त प्राइभेसी एक्ट पनि जारी गर्नुपर्ने हुन्छ। विकसित मुलुकमा क्षेत्रगत कानुन जस्तै- आरटीआई हेल्थ, आरटीआई एडुकेसन निर्माण गर्ने प्रचलन पनि छ, यस कुरालाई पनि मनन गर्नुपर्छ। ऐन बन्न नसकुन्जेल स्थानीय तहका प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षको संयोजकत्वमा सूचना प्रवाहको छुट्टै सञ्जाल अर्थात् अम्बुड्स्म्यान निर्माण गर्नुपर्छ। नेपालको कुनै कानुनमा नभएको सरकारी कागजातमा अति गोप्य र गोप्य छाप लगाउने प्रचलनलाई स्थानीय तहले हटाउनुपर्छ। तिनले आफ्ना कर्मचारीलाई गोपनीयताको शपथ गराउनुहुँदैन। कर्मचारीलाई गोपनीयता कायम राखेबापत होइन जनतालाई सुसूचित गरेबापत पुरस्कृत गर्ने वा पदोन्नति दिने थिति बसाल्नुपर्छ।

कानुनले नागरिकको सूचनाको हकको सम्मान गर भनेको छ, यसर्थ सूचना मागकर्तालाई सूचना दिने मात्रै होइन, वर्षभरिमा उत्कृष्ट सूचना माग्नेलाई पुरस्कृत गर्नुपर्छ। समय-समयमा सूचना सार्वजनिक गर्न सूचना प्रवाहको मितिसहितको तालिका सार्वजनिक गर्नुपर्छ। कम्तीमा वर्षमा एकपटक भए पनि सूचनाको हकसम्बन्धी तालिमको आयोजना गर्नुपर्छ। नेपाली भाषाको अतिरिक्त विभिन्न राष्ट्रिय भाषामा आफ्ना सूचना सार्वजनिक गर्नुपर्छ। आमसञ्चारमाध्यम अर्थात् रेडियो, टिभी, अखबार, अनलाइन, सामाजिक सञ्जाल सबैको प्रयोग गरी सूचना प्रवाह गर्नुपर्छ। स्थानीय तहले नियमित रूपमा सूचना अधिकारीलाई सूचना उपलब्ध गराउनुपर्छ। यदि सूचना मागकर्तालाई तत्काल सूचना दिन नसकिने भए सोको कारणसहितको जानकारी गराउनुपर्छ। साथै माग गरेको सूचना आफ्नो निकायसम्बन्धी नभए तुरुन्त निवेदकलाई सोको जानकारी दिनुपर्छ।

सार्वजनिक निकायमा भएको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कामको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ भन्ने कानुन व्यवस्थालाई स्थानीय तहले आफ्नो कार्यालय परिसरमा टाँस गर्नुपर्छ। असल नियतले गरेको काममा सजाय नहुने कानुनी व्यवस्थाको पनि सबैलाई जानकारी दिनुपर्छ। कानुनमा सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरवलोकन गर्नुपर्छ भनिएकाले कम दस्तुरमा सूचना दिनुपर्छ। आफ्नो स्थानीय तहभित्रका स्थानीय बासिन्दालाई नि:शुल्क सूचना दिनुपर्छ। निरक्षर वा शारीरिक रूपले लेख्न नसक्ने व्यक्तिले सूचना माग गरेमा सूचना अधिकारीले लिखित निवेदन तयार गरिदिनुपर्छ भन्ने कानुनी व्यवस्थाको पालना गर्नुपर्छ। स्थानीय तहको वेबसाइट निर्माण गरी सबै प्रकारका सूचना प्रवाह गर्नुपर्छ। मोबाइल एप्स निर्माण गर्नुपर्छ। सूचना अधिकारीको ल्फेक्स बोर्ड सार्वजनिक गर्नुपर्छ। सूचना प्रवाहमा बजेट छुट्याउनुपर्छ। नागरिक बडापत्रमा सूचना मागको विषय पनि समावेश गर्नुपर्छ। वडापिच्छे होर्डिङ बोर्डमा सार्वजनिक जानकारीका सूचना र वार्षिक योजनामा परेका कार्यक्रम समावेश गर्नुपर्छ। सूचना प्रवाह गर्नु भनेको सेवाको बजारीकरण हो भनी बुझ्न जरुरी छ।

प्रत्येक स्थानीय तहले योजना तर्जुमा गर्दा जनभेला गर्नुपर्छ। कानुन निर्माणमा जनमतसंग्रह गर्नुपर्छ। दीर्घकालीन नीति तर्जुमामा चिन्तनको चौतारी आयोजना गर्नुपर्छ। भए गरेका काम कारबाहीउपर जनताको सहभागिता र सुझावका लागि सार्वजनिक सुनुवाइ गर्नुपर्छ। जनतामा कामको नतिजा प्रमाणित गर्न सार्वजनिक परीक्षण गर्नुपर्छ। विकास निर्माणको काम भैरहेको स्थलमा होर्डिङ बोर्ड राख्नुपर्छ। बजेट तर्जुमाका लागि गठन गरिने स्रोत अनुमान समिति र राजस्व परामर्श समितिको बैठक जनताका लागि खुल्ला गर्नुपर्छ। स्थानीय तह कार्यसमितिको बैठकको निर्णयहरू तत्कालै सार्वजनिक गर्नुपर्छ। साथै न्यायिक समितिको इजलास खुल्ला गर्नुका साथै त्यस समितिको निर्णयमा सरोकारवालाको सहज पहुँच निर्माण गर्नुपर्छ।

प्रत्येक स्थानीय तहले क्षतिपूर्तिसहितको नागरिक बडापत्र सार्वजनिक गर्नुका साथै कर्मचारीको कार्य बाँडफाँड र कार्यसम्पादन करार गर्नुपर्छ । विद्युतीय माध्यमबाट सेवाप्रवाह गर्ने गरी अनलाइन सेवा आरम्भ गरी यसको व्यापक प्रचारप्रसार गर्नुपर्छ। सुशासन ऐन, २०६४ बमोजिम प्रत्येक काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्नुपर्छ। निश्चित समयभित्र निर्णय गर्नुपर्छ। निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्छ। निर्णय गर्दा आधार र कारण खुलाउनुपर्छ। सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्नुपर्छ। वेबसाइट निर्माण गरी सबै निवेदनहरू डाउनलोड गर्न र सेन्ड गर्न मिल्ने बनाउनुपर्छ। जनतालाई घरदैलोमै सेवाप्रवाह गर्न घुम्ती सेवा सञ्चालन गर्नुपर्छ। सेवा प्रदानको सेवा शुल्क न्यायोचित हुने गरी तोक्नुपर्छ। सम्भव भएसम्मका काममा जनताको सहभागिता र स्वामित्व खोज्नुपर्छ। नियमितरूपमा सार्वजनिक सुनुवाइ गर्नुपर्छ। गुनासो व्यवस्थापन गर्नुपर्छ। सूचना प्रविधिलाई व्यवहारमा उतार्नुपर्छ। सूचनाको हकसम्बन्धी ऐनबमोजिम तीन-तीन महिनामा र सुशासन ऐनबमोजिम वार्षिक प्रतिवेदन तयार गरी आफ्ना स्थानीय तहका प्रत्यक घरधुरीका जनतासम्म सो प्रतिवेदन वितरण गर्नुपर्छ।

अन्त्यमा, मुलुक संघीय लोकतन्त्रमा प्रवेश गरेकै कारण ७५३ वटा स्थानीय तहले संविधानको अनुसूची ८ द्वारा अधिकार पाएका हुन्। यथार्थमा यी स्थानीय सरकार नै हुन्। यिनले आफैं कानुन निर्माण गर्ने हैसियत राख्छन्। यिनले राजपत्र प्रकाशित गरिसकेका छन्। यिनै तथ्यहरूको आधारमा आमजनजिब्रोमा सिंहदरबार गाउँमै आइपुगेको छ भनिएको हो। यो यथार्थ पनि हो। यसर्थ यो गाउँमै आएको सिंहदरबारको शासन प्रणाली पूर्णत: पारदर्शी हुनुपर्छ। आमजनताले लोकतन्त्र प्राप्तिको अनुभूति गर्नुपर्छ। यसका लागि लोकतन्त्रको प्राणवायुका रूपमा चिनिएको नागरिकको सूचनाको हकको पूर्ण सम्मान हुनुपर्छ। जुन स्थानीय तहले पारदर्शिता, जवाफदेहिता, जिम्मेवारीपन, सुशासन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्दछन्, उनीहरूले नै संघीयता र लोकतन्त्रको संरक्षण गर्नेछन्। यस काममा सबै स्थानीय तहलाई सफलता प्राप्त होस्, यही शुभकामना छ।

## पाठक पत्र

### काम नगर्ने पप्पुजस्तालाई तह लगाऊ

देशमा पहुँच र भनसुन, त्यसै गरी नाता र कृपावाद अझै व्याप्त छ। सरकारले काम नगर्ने ठेकेदारहरूलाई ठेगान लगाउने चेतावनी दिन अझै छाडेको छैन। गृहमन्त्री रामबहादुर थापा 'बादल'ले प्राय: भाषणहरूमा कामचोर ठेकेदारलाई जेल हाल्ने बताइरहेकै हुन्छन्। तर, ठेक्का लिएर काम नगर्ने कुनै पनि ठेकेदारलाई सरकारले ठेगान लगाएको पाइएको र सुनिएको छैन। अहिले देशभर ३१ वटा पुलको निर्माण गर्ने ठेक्का पाएको पप्पु कन्स्ट्रक्सन निकै चर्चामा छ। पप्पुले पुल निर्माण गरेर चर्चामा आएको होइन। राजनीतिक आड र दबाबमा ठेक्का पाएर अधिकांश पुल अलपत्र अवस्थामा छाडेको र ठेक्का अवधि सकिएको वर्षौं बितिसक्दा पनि निर्माण नगरेका कारण 'पप्पु कन्स्ट्रक्सन' ठगदारका रूपमा चर्चामा छ।

राजनीतिक आडमा ठेक्का लिएर काम अलपत्र पारेको विषयमा निरन्तर समाचार सार्वजनिक भएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले उक्त कन्स्ट्रक्सनमाथि आन्तरिक छानबिन थालेको छ। संघीय समाजवादी फोरमका नेता एवं सांसद हरिनारायण रौनियारको स्वामित्व रहेको 'पप्पु कन्स्ट्रक्सन'ले एकल र संयुक्त गरी पुल निर्माणमा मात्रै साढे ५ अर्बको ठेक्का पाएको छ। उक्त कम्पनीको देशभर १० अर्बभन्दा बढीको ठेक्का रहेको खबर सार्वजनिक भएको छ।

आमसरोकार कसले कति अर्बको ठेक्का पार्न सफल भयो भन्नेमा होइन। राजनीतिक प्रभाव र दबाबका भरमा एउटै कम्पनीले ठेक्का लिएको अधिकांश आयोजना अलपत्र छाड्दा सरकार किन निकम्मा बनिरहेको छ ? भन्ने प्रमुख सवाल बनेको छ। अर्को सवाल यो पनि हो कि एकपछि अर्को ठेक्का लिएर काम नगर्ने विवादास्पद कम्पनीलाई साढे ५ अर्ब रपियाँको ठेक्का दिनुपर्ने अवस्था के हो ? देशभर कामचोर कम्पनीविरुद्ध आक्रोश व्यक्त भइरहँदा सत्तासाझेदार दलका नेता एवम् सांसदको निर्माण कम्पनीले काम अलपत्र बनाइरहँदा सरकार निरीह बन्नुपर्ने अवस्था किन आइपर्‍यो ? जनताले जान्न चाहेका छन्।

राजनीतिक पहुँच र प्रभाव नहुनेले निर्माणको ठेक्का पाउन कठिन रहेको तथ्य सर्वविदितै छ। सार्वजनिक समाचारअनुसार पप्पु कन्स्ट्रक्सनले बनाउनुपर्ने सबै पुलको लम्बाइ जोड्दा मात्रै सात किलोमिटर नाघ्छ। तर थुप्रै ठाउँमा आयोजना अलपत्र छाड्ने सो कम्पनीको दादागिरी सार्वजनिक भएपछि यातायात मन्त्रालयले पप्पु र आबद्ध कम्पनीले लिएका ठेक्का र कामबारे आन्तरिक छानबिन थाल्ने जनाएको छ।

पप्पु पहुँच र प्रभावमा ठेक्का पाइरहने एक निर्माण कम्पनी हो। यी र यस्ता कामचोर ठेकेदार कम्पनीको फेहरिस्त लामो हुनसक्छ। एकाधबाहेक सर्तबमोजिम समयमै काम नगर्ने निर्माण कम्पनीहरू थुप्रै छन्। आर्थिक चलखेलकै कारण ठेकेदारहरू ठालु बनिरहेका छन्। कर्मचारीदेखि विभाग र मन्त्रालयसम्म ठेकेदारले भेटी चढाउनुपर्ने कारण आयोजनामा ढिलासुस्ती भए पनि कारबाही प्रक्रिया प्रभावित बन्दै आएको छ। गृहमन्त्रीले इमानदार प्रयास गर्ने हो भने ठगदारहरूलाई ठेगान लगाउन कुनै आइतबार पर्खन पर्दैन।

एक दशकसम्म काम सम्पन्न नगर्ने ठेकेदारलाई कारबाही गर्न नसक्दा स्थानीयस्तरबाटै सरकारको आलोचना भइरहेको छ। भुक्तानी लिइसकेर काम नगर्ने, कामको गुणस्तरीयतामाथि पटक-पटक प्रश्न उठ्ने, निर्माण सम्पन्न नहुँदै पुल, सडक भत्किनेजस्ता समस्याहरूको समाधान गर्न सरकारले नियमन गर्ने निकायहरूलाई निर्देशन दिनुपर्छ। ठेकेदारहरू जिम्मेवार नभएसम्म ढिलासुस्तीले प्रश्रय पाइरहन्छ। समयमै काम नगर्ने ठेकेदारलाई पुन: ठेक्का दिने प्रवृत्ति रोक्न सके पनि निर्माणका काममा अराजकता हटाउन सकिन्छ। सरकारले यो विषयमा उपयुक्त कदम छिट्टै चालोस्।

*- सुरज सिंह राना, ललितपुर।*

### व्यावसायिक कृषिमा समय दिने कि ?

नेपाली कृषि क्षेत्रमा पछिल्लो समयलाई मात्र मूल्यांकन गर्ने हो भने पनि व्यावसायिक कृषि गर्नेको लहर अलि-अलि चल्न थालेको छ। हरेकको जिब्रोमा कृषिक्षेत्र जोडिनुलाई कृषिको विकासका लागि थपिएको ऊर्जा मान्न सकिएला। युवापुस्ताहरू अन्य व्यवसायभन्दा कृषि नै ठीक हो भन्न थालेका छन् र त कृषिमा लगानी गर्नेहरूको भीड थपिन थालेको छ। कृषिमा लगानी थपिनु ठीक हो। हिजोसम्म अनपढहरूले मात्र कृषि पेसा अंगाल्छन् भन्नेहरू आज शिक्षित भएर कृषि पेसामा लगानी गर्दा मुलुकको आर्थिक मेरुदण्डको एउटा हिस्सा कृषिक्षेत्र विकासको फड्को मार्ने तयारी गरिरहेको छ।

कृषि क्षेत्रको विकासका लागि लगानी थपिनु वा युवापुस्तालगायत अन्य वर्ग र क्षेत्रका व्यक्तिहरू पनि यसतर्फ आकर्षित हुनु गौरवको कुरा हो तर कृषिक्षेत्रमा सरकारले दिन थालेको अनुदान झ्वाम्म पार्ने सोचमा कृषिमा आकर्षित भएको हो भने त्यसले मुलुकका लागि दूरगामी असर पार्ने देखिन्छ। पछिल्लो समयमा परम्परागत कृषिक्षेत्रमा लाग्नेहरू मात्र होइन, सामाजिक संघसंस्था, सहकारी, निजी क्षेत्रहरूसमेत कृषिमा होमिएका देखिनुले मुलुकमा खाद्य सुरक्षाका लागि भएको पहल हो भनेर सकारात्मक सोच लिनेहरूले भनिरहेको छन् भने अर्का थरी सरकारी होस् वा दातृ निकायहरूको बजेट सक्ने काम मात्र गर्न कृषिमा होमिएको बताउन थालेका छन्। यद्यपि सरकारले विभिन्न आयोजनाहरूमार्फत कृषिको व्यवसायीकरणमा पहल गरिरहेको भए पनि त्यसलाई दीर्घकालीन विकासका लागि खासै ठोस पहल गरिएको देखिँदैन।

सरकारी निकाय होस् वा गैरसरकारी निकायहरूमार्फत सञ्चालनमा आएका कृषि आयोजनाहरूले वास्तविक किसानहरूको जीवनस्तर सुधार्नेतर्फ काम गरिरहेका छैनन् छैन भन्दा फरक नपर्ला ? यद्यपि अन्य पेसा अंगाल्नेहरूले पनि कृषिक्षेत्रमा लगानी गरेर अनुदानमा आँखा गाड्ने काम गरिरहेको पनि देखिन्छ। अनुदानको रकममा आँखा गाड्नेभन्दा पनि व्यावसायिक कृषि शुरूवात गरेर त्यसलाई बजारीकरण गर्न सक्ने हो भने मात्र नेपाली कृषिक्षेत्रले विकासको काँचुली फेर्ला, नत्र जुन जोगी आए पनि कानै चिरेका भनेजस्तो नहोला भन्न सकिँदैन। कृषिउपजको उत्पादन बढाउने र त्यसलाई बजारीकरण गर्नतर्फ खासै ध्यान दिएको पनि पाइँदैन। त्यसकारण यतिखेर कृषिमा लगानी गर्न खोज्नेहरू वा गरिरहेकाहरूले किसानलाई उत्पादन बढाउन प्रोत्साहित गर्ने काममा लगानी गर्नु आवश्यक छ। साथै उत्पादित कृषिउपजको बजारीकरणको अभाव भएका कारण व्यवस्थित बजारीकरणतर्फ ध्यान दिन सक्ने हो भने व्यावसायिक कृषिले सार्थकता पाउँथ्यो कि ?

*- सरस्वती सुनार, खोटाङ। हाल : नैकाप, काठमाडौं।*

## सामाजिक सञ्जाल



पदक पाउनेको अनुहार सम्झिँदा लाग्छ– मानसम्मान पाउन धेरै विवादित काम गरेर केही विशिष्ट व्यक्तित्वलाई रिझाउने योग्यता नि हासिल गर्नु अनिवार्य छ।

**Kedar marasini**
**@kedarmarasini**



विभिन्न स्थानीय तहका वडासदस्यहरु कामको खोजीमा विदेश पलायन भइरहेका समाचार आइरहेका छन्। हाम्रा छिमेकी तिनलाई पानी सदस्य भन्नुहुन्छ। वडामा कुलो, पैनीका पानी हेरविचार गर्ने सदस्य रे। वडाध्यक्षसम्मले तलव पाउँछन्, तर वडासदस्यले बैठक भत्ता मात्रै। त्यसैले पनि पानी सदस्य पलायन भएका हुन्।

**Gajendra Budhathoki**
**@gbudhathoki**

२०७५ भदौ
शुक्रबार
२२




# पुनर्निर्माणको निरीक्षण र सिफारिसको जिम्मा स्थानीय तहलाई

काठमाडौं, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट क्षति भएका निजी आवासलगायतका भौतिक संरचनाहरूको पुनर्निर्माणलाई थप सहज र छरितो बनाउन भूकम्प प्रभावित क्षेत्रका स्थानीय तहहरूलाई परिचालन गर्ने निर्णय गरेको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठकले निजी आवासको पुनर्निर्माणको निरीक्षण र सिफारिसको जिम्मा स्थानीय तहलाई दिने निर्णय गरेको हो।



प्रधानमन्त्री तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका निर्देशक समितिका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा आज बसेको प्राधिकरणको निर्देशक समितिको तेह्रौं बैठकले पुनर्निर्माणका कामहरूलाई व्यवस्थित र प्रभावकारी बनाउँदै थप गति दिन स्थानीय तहहरूलाई परिचालन गर्ने निर्णय गरेको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भन्नुभयो- 'स्थानीय तहहरूले गर्ने पुनर्निर्माणसम्बन्धी कामहरूको प्राधिकरणले सहजीकरणका गर्नुका साथै अनुगमन पनि गर्नेछ।'

बैठकले हालसम्म पहिलो किस्ता रकम प्राप्त गरिसकेका लाभग्राहीहरूले आगामी पुस महिनाभित्र दोस्रो किस्ता लिइसक्नु पर्ने र २०७६ वैशाख महिनाभित्र तेस्रो किस्ता लिइसक्नु पर्ने गरी निजी आवास पुनर्निर्माणको समय तालिकासमेत निर्धारण गरेको छ।

तर गुनासो सुनुवाइबाट आएका, पुन:सर्वेक्षण गर्नुपर्ने, परम्परागत बस्तीमा परेका एवं बस्ती स्थानान्तरण गर्नुपर्ने लाभग्राहीका हकमा भने उल्लेखित समयसीमा प्राधिकरणको कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुने भएको छ।

भूकम्पपीडित परिवारलाई हालसम्म उपलब्ध हुन नसकेको ३ लाख रुपियाँको सहुलियत ऋण सहज रुपमा उपलब्ध गराउनका लागि अर्थ मन्त्रालयबाट कार्यविधि परिमार्जन गर्ने प्रकृया अघि बढाइएको प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले जानकारी दिनुभयो।

त्यस्तै ऐलानी पर्ति जग्गामा बसेका वास्तविक भूमिहीन सुकुम्बासी भूकम्पपीडित परिवारलाई स्थानीय तहले तोकेको स्थान र मापदण्डअनुसार निजी आवास अनुदान उपलब्ध गराउने निर्णय पनि भएको छ।

हालसम्मको पुनर्निर्माणको सम्पूर्ण कार्यको मध्यावधि समीक्षा गर्ने र पुनर्निर्माणका बाँकी कार्य आगामी दुई वर्ष चार महिनाभित्र सम्पन्न गर्ने गरी पुनर्निर्माण तथा पुन:स्थापनाको समय तालिकासहितको कार्ययोजना बनाउने एवं त्यसका लागि वित्तीय योजना तयार पार्ने कार्य अघि बढाइएको कुरासमेत प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले बताउनुभयो।

पुनर्निर्माणको काममा खटिने सबै कर्मचारी पुनर्निर्माण प्राधिकरणको मातहतमा ल्याउने र प्राधिकरणको निर्देशनमा परिचालित हुने, प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी सम्बन्धित मन्त्रालयले तत्काल उपलब्ध गराउने तथा प्राधिकरणमा कार्यरत कर्मचारीको सरुवा गर्दा प्राधिकरणको सहमतिमा मात्र गर्ने व्यवस्था मिलाउने निर्णय पनि निर्देशक समितिले गरेको छ।

बैठकले अन्यत्र घर भई पहिलो किस्ता रकम बुझेका तर घर निर्माण नगर्नेहरूबाट कानुनबमोजिम उक्त किस्ता रकम असुलउपर गर्न आवश्यक प्रकृया अघि बढाउने समेत निर्णय गरेको छ।

बैठकमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले पुनर्निर्माणको वर्तमान अवस्था र आगामी कार्ययोजना प्रस्तुत गर्नुभएको थियो।

प्रधानमन्त्री एवं निर्देशक समितिका अध्यक्ष केपी शर्मा ओलीले प्रमुख कार्यकारी अधिकृतबाट प्रस्तुत पुनर्निर्माण सम्बन्धी कार्ययोजनाअनुरुप काम अघि बढाउन निर्देशन दिनुभएको छ।

निर्देशक समितिको बैठकमा पुनर्निर्माण जिल्ला समन्वय समितिमा संघीय संसद्का सांसदहरूका अतिरिक्त प्रदेश सभाका सांसद, जिल्ला समन्वय समितिका प्रमुख एवं सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षहरूलाई समेत आमन्त्रण गर्ने विषयमा छलफल भएको थियो।

बैठकमा मुख्य प्रतिपक्षी दल नेपाली कांग्रेसका तर्फबाट नेता विजयकुमार गच्छदार, निर्देशक समितिका सदस्यका रुपमा रहनुभएका गृहमन्त्री रामबहादुर थापा र अर्थ मन्त्री डा. युवराज खतिवडालगायत निर्देशक समितिका विज्ञ सदस्यहरू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्यहरू तथा सचिवहरूको उपस्थिति थियो।

# उदाहरणीय काम गर्न महानिरीक्षकको निर्देशन

काठमाडौं, (नेस)

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल प्रहरीको शिर उँचो पार्ने कार्य गर्न आफू तल्लीन रहेकाले यस अभियानलाई सफल पार्न प्रहरी अस्पताललगायत सबै इकाइमा कार्यरत प्रहरी कर्मचारीहरूले आ-आफ्नो तर्फबाट अझै अनुकरणीय काम गर्नुपर्ने बताउनुभएको छ।

उहाँले नेपाल प्रहरी अस्पताल महाराजगन्जमा बिहीबार आयोजित एक कार्यक्रममा बताउनुभएको हो। सो अवसरमा प्रहरी महानिरीक्षक खनालले अस्पताल परिसरभित्र पुननिर्मित काली मन्दिर उद्घाटन, इमर्जेन्सी तथा ओपीडी र महिला व्यारेक भवनको शीलान्यास, 'हस्पिटल म्यानेजमेन्ट इन्फरमेसन सिस्टम एन्ड नेटवर्किङ'को उद्घाटन गर्नुभयो।

उहाँले नेपाल प्रहरी अस्पतालबाट प्रकाशित 'नेपाल मेडिकल जर्नल' को विमोचन गर्नुका साथै उत्कृष्ट कार्य गर्ने अस्पतालका कर्मचारीहरूलाई नगद पुरस्कार प्रदानसमेत गर्नुभयो।

नेपाल प्रहरी अस्पतालले उत्कृष्ट सेवा दिँदै आएको चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले सबै बिरामीहरूलाई गुनासो नआउने गरी समान रुपले अझै गुणस्तरीय सेवा दिनुपर्नेमा जोड दिनुभयो। अपराध नियन्त्रण, कानुन कार्यान्वयनलगायत तोकिएको मुलभूत दायित्व निर्वाह गर्न र नागरिक सेवामा तल्लीन हुन उहाँले आग्रहसमेत गर्नुभयो।

सो अवसरमा पूर्वप्रहरी कर्मचारी परिषद् नेपालका अध्यक्ष पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक रमेशप्रसाद श्रेष्ठ र नेपाल पूर्वप्रहरी संगठनका अध्यक्ष पूर्वप्रहरी वरिष्ठ उपरीक्षक बसन्तराज कुँवरले आ-आफ्नो मन्तव्य व्यक्त गर्दै पूर्वप्रहरीको ज्ञान, सीप र अनुभवको प्रहरी संगठनले सदुपयोग गर्न सक्नुपर्ने बताउनुभयो।

(क) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।
(ख) परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फ एउटै परीक्षा संचालन गरिने छ र तिनीहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फ उम्मेदवारहरु बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।
(ग) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिनेछ।
(अ) खुला (आ) महिला (इ) आदिवासी/जनजाती (ई) मधेसी
(उ) दलित (ऊ) पिछडिएकोक्षेत्र (ए) अमर/अशक्त स.प्र.क. सन्तती
(घ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय बाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नुपर्नेछ।
(ङ) दरखास्त फाराम सशस्त्र प्रहरी बल, नेपालको website:www.apf.gov.np बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्र इत्यादि राखी तोकिएको स्थानमा बुझाउन सकिनेछ।
(च) दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमानै ल्याउनु पर्नेछ।
(छ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्नेछ (पुरुषको लागि मात्र)।
(ज) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ।
(झ) बुदा नं. ८ को घ मा उल्लेखित सशस्त्र प्रहरी जवान पदको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकिएको स्थानमा संचालन हुनेछ।

नोट:-उम्मेदवारहरुले आगामी परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बल, नेपालको वेब साईट www.apf.gov.np बाट तथा नेपाल टेलिकमको SMS सेवा मार्फत RCT<Space>दर्ता नं. टाईप गरी ११९४ मा SMS गरी जानकारी लिन सकिनेछ। तर प्राविधिक कारणबाट नतिजा फरक परेमा अधिकारीक पत्रद्वारा प्रकाशित सूचनालाई मान्य हुनेछ।

सूचना नम्बर: ०३

मिति २०७५/०४/२० गते प्रकाशित विज्ञापन अनुसार खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने प्राविधिक समूह तर्फ प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (ईन्जिनियरिङ र चिकित्सक) पदका उम्मेदवारहरुको दरखास्त फाराम बुझाउने सम्बन्धमा संशोधित सूचना विवरण सशस्त्र प्रहरी बल, नेपालको वेब साईट www.apf.gov.np मा प्रकाशन र सूचना पाटीमा टाँस गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

मानवस्रोत विभाग,तालिम निर्देशनालय,
भर्ना तथा छनौट शाखा,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौं।

'नागरिकता ऐन र संविधान बाझिँदा समस्या भएको छ। मुखले महिला र पुरुष समान भन्ने व्यवहार मा कार्यान्वयन नगर्ने ? नागरिकता वितरण गर्ने निकाय निकै संवेदनशील बन्नुपर्छ।'

# कर्मचारीको मिलेमतोमा ७० करोड रुपियाँ ठगी

नेपाल समाचारपत्र

काठमाडौं

किर्ते कागजात खडा गरी रु ७० करोड रुपियाँबराबरको सम्पत्ति ठगी गर्ने आठ जना बिहीबार पक्राउ परेका छन्। नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्युरोले ठगीको आरोपमा मकवानपुरका राजनप्रसाद लम्साल, काठमाडौंका नीरजकुमार मानन्धर, हिमाल महर्जन, राजकुमार तामाङ, चिरीबाबु महर्जन, रामेछापका जीतबहादुर मगर, मोरङका पूण्यप्रसाद खरेल र बाराका अमृत थापामगरलाई पक्राउ गरेको जनाएको छ।

उनीहरूलाई काठमाडौंको चुनदेवी बस्ने भारतीय नागरिक राम नीरञ्जन जटियाको नाममा रहेको शंकर इलेक्ट्रिक इन्डस्ट्रिज प्रालिको नक्कली कागजात बनाइ ठगी गरेको आरोप लागेको छ।

ब्युरोका अनुसार निजहरूले उक्त इन्डस्ट्रिज प्रालिको शेयरधनी, सञ्चालक र कम्पनीको अध्यक्ष जीतबहादुर मगर भएको बताई इलेक्ट्रिकको बालुवाटार, सतुङ्गल, म्याग्दी र नुवाकोटको जग्गा बेचेर ठगेका थिए।

उनीहरूले कम्पनी रजिस्ट्रार कार्यालयका कर्मचारीसमेतको मिलेमतोमा निज जटियाको घरबाट कागजात चोरी जटियाको नाममा रहेको शेयर खरिद गरी आफ्नो बनाएर ठगी गरेको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार उक्त कार्यालयमा सहायक रजिस्टार पदमा कार्यरत नारायणप्रसाद पोखरेल र उमेशमान जोशी र सोही कार्यालयमा आईटी शाखामा करारमा कार्यरत दुई कर्मचारी फरार रहेकाले खोजी कार्य भइरहेको जनाएको छ।

नियन्त्रणमा लिइएकाहरूलाई विद्युतीय अपराध, चोरी, ठगी तथा संगठित अपराधमा अनुसन्धान गरी जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंमा पेश गरिएको प्रहरीले जनाएको छ।

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको
अनलाईन बोलपत्र (ई-टेण्डर)
आव्हानको सुचना।

यस प्रतिष्ठानको फार्मेसीको लागि आवश्यक औषधिहरू बोलपत्रको माध्मबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट औषधि व्यवस्था विभागको दर्ता प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७३/०७४ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ। अनलाईन बोलपत्र सम्बन्धी बिस्तृत सुचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सार्वजानीक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाईट www.bolpatra.gov.np/egp मा राखिएको छ। सोही सुचना, शर्त आदिको आधारमा अनलाईन ईबोलपत्र मिति २०७५/०६/२१ गते (तदअनुसार अक्टूबर ७, २०१८) दिउसो १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ। ईबोलपत्र प्रकाशित मिति २०७५/०५/२२, ईबोलपत्र खोल्ने मिति र समय २०७५/०६/२१ अपरान्ह २:०० बजे।

| सि.न. | बोलपत्र विवरण | फारम दस्तुर | बोलपत्र जमानत रकम |
|---|---|---|---|
| १ | Medicine Items for BPKIHS Pharmacy (Eye/ENT) [IFB No.: BPKIHS/075/076/015] | रु.3000/- | रु.२,४५,५००/- |
| २ | Medicine Items for BPKIHS Pharmacy [Anaesthesia] [IFB No.: BPKIHS/075/076/017] | रु.3000/- | रु.३,१५,५००/- |

## गुण्डाका नाइके बाघे पक्राउ

काठमाडौं, (नेस)

महानगरीय प्रहरी परिसर काठमाडौंले गुन्डाका नाइके सुकबहादुर तामाङ उर्फ बाघेलाई गुण्डागर्दीमा संलग्न रहेको आरोपमा पक्राउ गरेको छ।

बाघेलाई पछिल्लोपटक विभिन्न स्थानमा गुण्डागर्दी गर्ने, हप्ता असुली गर्ने गरेको आरोपमा स्वयम्भूबाट पक्राउ गरेको परिसरले जानकारी दिएको छ।

स्थानीय जनतासँग हप्ता असुल गर्ने र रकम नदिए अपहरण गर्ने जस्ता धम्की दिएको भन्दै पक्राउ गरेको परिसरले दावी गरेको छ।

## उपकुलपतिको कार्यालय तोडफोड

काठमाडौं, (नेस)

शिक्षाशास्त्र संकायको परीक्षा प्रश्नपत्र आउट भएको विषयलाई लिएर त्रिवि उपकुलपति प्राडा. तीर्थ खनियाँको कार्यकक्षमा तोडफोड गरिएको छ। शिक्षा शास्त्र संकायअन्तर्गत स्नातकोत्तर तहको पहिलो वर्षको परीक्षाको प्रश्नपत्र आउट भएको विषयमा छलफल गर्न भन्दै बिहीबार बिहान ११ बजे उपकुलपतिको कार्यकक्षमा पुगेका विद्यार्थीले उपकुलपतिको कार्यकक्षमा तोडफोड गरेका हुन्।

### देखिएन...

नेपालमा विकासमा जनसहभागिताको अवधारणा शुरु गरेको श्रेय पौडेलले मेयर हुँदा हेटौंडालाई 'उत्कृष्ट नगर' बनाउनुभएको थियो। तर पनि उहाँले वर्तमान कार्यकालमा आफ्नो क्षमता देखाउन सकेको देखिएन।

काठमाडौं महानगरपालिको मेयर हुँदा चर्चामा आउने कार्य गर्नुभएका ६० वर्षीय मन्त्री स्थापित पनि अहिलेसम्म गुमनाम जस्तै हुनुहुन्छ। उहाँले मुखले भने जसरी काम गरेको नपाइएको स्थानीय जनताको भनाइ छ।

जनयुद्ध लडेर आएका भनिएका ४५ वर्षीय मन्त्री जम्मरकट्टेल नङनाडी गलेको जस्तो देखिन्छन् यतिबेला। धादिङ क्षेत्र नम्बर १ को (ख) बाट २३ हजार ३ सय ८२ मत ल्याएर तत्कालीन माओवादीबाट विजयी हुनुभएको उहाँ परिवार व्यवस्थापनमा बढी व्यस्त हुनुहुन्छ। ५७ वर्षीय वातावरणमन्त्री नेपाल, योजना मन्त्री ढुंगेल, सहकारी मन्त्री लामा र विकास मन्त्री दुलालको अवस्था पनि उही नै छ। उहाँ पनि कानुन नबनेकाले काम गर्न नपाएको तर्क गर्नुहुन्छ। उहाँहरू राजनीतिक व्यस्तताले परिवारसँग समेत बस्न नपाएको भने पनि उहाँले पनि देखिने गरी कुनै काम गर्नसक्नुभएन। उहाँ पनि अरू मन्त्रीजस्तै गुमनाम नै हुनुहुन्छ।

### अध्यक्ष...

अध्यक्ष प्रचण्डले पछिल्लो चरणमा दुई देशका प्रधानमन्त्रीबीच भएको सहमति कार्यान्वयनका लागि सकारात्मक वातावरण बनाउन आफ्नो भ्रमणको प्रमुख उदेश्य रहेको दावी गर्नुभएको छ। भ्रमणका क्रममा उहाँले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री राजनाथ सिंह, विदेशमन्त्री सुष्मा स्वराजलगायत राजनीतिक नेतृत्वसँग भेट गर्नुहुने भएको छ।

### शिक्षाका...

मन्त्रीसंग पटक-पटक भेट गर्न गयो, सचिवालयले रोक्छ, भेट गर्न दिँदैन उहाँले भन्नुभयो। मनपरी रूपमा गरिएको सरुवामा पुन:विचार नगरे लगातार विरोध गर्नुको विकल्प नभएको संघको भनाइ छ। 'मन्त्रीलाई हटाउन त सक्दैनौ , लगातार विरोध जारी राख्छौं -शर्माले भन्नुभयो।

कर्मचारीको विरोधका कारण मन्त्रालयले प्रदेशबाहेक सरुवा भएका उपसचिवलाई पत्र दिन नसकेको मन्त्रालयका एक उच्च अधिकारीले जानकारी दिए।

सरुवाको लिस्ट सार्वजनिक भयो तर पत्र दिन सकेको छैन, अझै सरुवा लिस्टमा चलखेल भइसकेको छ -मन्त्रालयका ती अधिकारीले भने। मन्त्रालय कर्मचारी प्रशासन महाशाखा प्रमुख सहसचिव बालकृष्ण पन्थीले सरुवा भएका कर्मचारीलाई पत्र दिने तयारी भइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो- 'पत्र तयारी गरिरहेका छौं केहीलाई हेरफेर गर्ने तयारी मन्त्रालयले गरेको छ। उहाँले सरुवाको लिस्ट सार्वजनिक भएपछि पत्र नपाउने कुरै नहुने बताउनुभयो। मन्त्री र पार्टीनिकट केही कर्मचारीहरूले मनपर्ने स्थानमा सरुवा गर्न दबाब दिँदै आएका थिए। मन्त्री पोखरेलले पार्टी निकटका कर्मचारीलाई केन्द्रको मुख्य निकायमा सरुवा गर्नुभएको छ। मन्त्रालयले भदौ १५ गते सरुवा लिस्ट सार्वजनिक गरेको थियो। सार्वजनिक गरेको सूचीअनुसार मुख्य मन्त्री तथा मन्त्रीपरिषद् को कार्यालयका ७ वटा प्रदेशमा ५६ जना, शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा १३, शिक्षक सेवा आयोगमा ६, मन्त्रालयको पुल दरबन्दीमा ४, राष्ट्रिय परीक्षा बोर्डमा २, विद्यालय शिक्षक किताबखानामा ४, शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ईआरओ) मा ४ मन्त्रालयमा १, जना कर्मचारीको सरुवा गरिएको छ।

हामीले सरुवा भएको जानकारी पायौ तर पत्र पाएनौ सरुवा भएपछि पत्र लिन पुगेका एक उपसचिवले नेपाल समाचारपत्रसंग भने अझै मिलाउन बाँकी रहेको छ भन्दैछन्, के हुन्छ थाहा छैन।

मन्त्रालयको वेबसाइटमा मात्रै सरुवा हुने होकि पत्र पाएर सरुवा भएको ठाउँमा जाने हो थाहा छैन। हुलाकबाट भए पनि ६ दिनभित्र पत्र आइसक्थ्यो, मन्त्रालयले पत्र पठाउन पनि एक साता लगाएको छ-एक उपसचिवले भने। कांग्रेसनिकट कर्मचारीको विरोधको कारण मन्त्रालयले पत्र दिन नसकेको बताइएको छ।

### आमाको...

विना र नवीन त प्रतिनिधि पात्र मात्र हुन्। यस्तै समस्यामा परेका अन्य मानिस पनि छन्। २०६८ सालको जनगणनाअनुसार नेपालमा ८ लाख ९६ हजार ८ सय बालबालिका आमासँग बस्दै आएका छन्।

तर आमाको नामबाट नागरिकता पाउनुपर्ने अधिकार उपभोग गर्न मानिसलाई फलामको च्यूरा चपाएजस्तै भएको छ। नागरिकता ऐन संशोधन नहुँदा प्रशासनले नागरिकता बनाउन आमासँगै बुबाको नागरिकता अनिवार्य पेस गर्नुपर्ने जनाउँदै आएपछि समस्या उत्पन्न भएको महिला अधिकारकर्मी लक्ष्मी आचार्यको तर्क छ।

उहाँ भन्नुहुन्छ- 'नागरिकता ऐन र संविधान बाझिँदा समस्या भएको छ। मुखले महिला र पुरुष समान भन्ने व्यवहारमा कार्यान्वयन नगर्ने ? नागरिकता वितरण गर्ने निकाय निकै संवेदनशील बन्नुपर्छ।'

सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पाखरेल अदालतबाट नागरिकता दिन विभेद गर्न नपाइने नजीर बसिसकेको अवस्थामा सर्वसाधारणलाई अनेक बाहना झिकेर दु:ख दिन नपाइने बताउनुहुन्छ।

नेपालको संविधान २०७२ को धारा १० र १२, नेपालको नागरिकता ऐन, २०६३ को ३ (१) ले कुनै पनि नेपालीलाई नागरिकताबाट वञ्चित गर्न नमिल्ने व्यवस्था गरेको छ। बुबा, आमा नेपाली नागरिक हो भने निजका सन्तानले वंशजकै आधारमा नागरिकता लिन सक्नेछ। विवाहित छोरीले आमा, बुबा वा श्रीमानको नामबाट नागरिकता लिन सक्ने कानुनी व्यवस्था छ। नेपालको संविधान, २०७२ को भाग २ मा नागरिकतासम्बन्धी महलमा संविधान प्रारम्भ भएको समयमा नेपालमा स्थायी बसोवास भएको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिक ठहर्ने उल्लेख छ।

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालयको
ग्राभेल खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

[illegible]

| सि.नं. | ठेक्का नं | कामको विवरण | किसिम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | KRM 03 | [illegible] | सिलबन्दी दरभाउपत्र | १०००।- |

कीर्तिपुर नगरपालिका

हेटौंडा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालयको कवाडी कर संकलन गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५।०५।२२ गते)

स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम यस उपमहानगरपालिकाले लिन उठाउन पाउने कवाडी विक्रीकर संकलन गर्न स्वीकृत दररेटमा आ.व. २०७५/०७६ को अषाढ मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र तथा आ.व. २०७४/०७५ सम्म कर चूक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु सहित रीतपुर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| सि. न. | ठेक्का नं. | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने दररेट (मुल्य अभिवृद्धि कर समेत) | न्यूनतम अङ्क (मुल्य अभिवृद्धि कर वाहेक) | बोलपत्र फारम दस्तूर | धरौटी रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | ०४ (०७५/०७६) आय ठेक्का | कवाडी विक्रीकर | वियरको वोतल (प्रतिथान) रु.०।५०<br>मदिरा सिसी (प्रतिथान) रु.०।५०<br>चुरा, फुटेको सिसा (सादा रंगिन) के.जी. रू०।५०<br>प्लाष्टिकजन्य पर्दाथ (के.जी.) रू०।५०<br>फलाम वा फलामजन्य पर्दाथ (के.जी) रू.१।<br>कागजजन्य पर्दाथ (के.जी.) रू.०।५०<br>हाडसिंग तथा खुर (रांगा,भैसी,तथा खसी आदि पाल्तु जनावरको) रू.२।५०<br>छाला (रांगा भैंसीको) रू.२५।<br>छालाखसी,वोकाको भैंसीको) रू.१०।<br>अन्य वस्तुहरूको रू.०।५० | ३०,००,०००।०० (अक्षेरुपी तिस लाख रुपैया मात्र) | ३०००।०० | कबोल अकंको ५% | सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन भित्र |

शर्त तथा बन्देज

१) ठेक्काको मान्य अवधि संझौता भएको मितिदेखि २०७६ अषाढसम्म हुनेछ ।
२) बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित मितिले ३० औं दिन अर्थात् मिति २०७५।०६।२० गते सम्ममा कार्यालय समय भित्र खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु ३१ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरीसक्नुपर्नेछ । प्राप्त हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमश: बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिनेछ ।
३) बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ आफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नेपाल बैंक लि., हेटौंडा शाखाको हि.न. ०१-ग-३ धरौटी खाता ०२५०३०००००००००३००००१० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन म्याद भएको विडबण्ड संलग्न गर्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
४) बोलपत्रदाताहरुले कवोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
५) बोलपत्र स्वीकृति भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्तावदाताले २०% ले हुने रकम नगद रकम नेपाल बैंक हेटौंडा शाखाको हि.नं. ०१-ग-४-१-४-०२५०३०००००००००४००१००४ खातामा जम्मा गरेको सक्कल भौचर तथा बाकी रकम महिनाको दामासाहीले प्रत्येक महिनामा बुझाउनु पर्ने छ । साथै ८०% ले हुने रकमको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस नगर कार्यपालिकाको कार्यालयको नाममा कम्तीमा चौध महिना म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताका समयमा पेश गर्नुपर्नेछ ।
६) मू.अ. करमा दर्ता नभएको व्यक्तिको हकमा ठेक्का स्वीकृत पछि संझौता गर्नू अगावै मूल्य अभिवृद्धि करमा दर्ता भई सोको दर्ता प्रमाण पेश गर्नु पर्नेछ ।
७) मिन्हा माफी तथा छूट सम्वन्धमा :- यस सूचना वमोजिम संझौता भई ठेक्का चलनपुर्जी जारी गरीएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन । बोलपत्रको वोल कवोल रकम एकमुष्ट नगद वुझाएमा ठेक्का अंकको १०% प्रचलित ऐन वमोजिम छुट दिन सकिनेछ ।
८) यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
९) अन्य कुरा बुझ्न परेमा कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको सम्पर्क नं. ०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ ।

## अर्थ




## चिनियाँ बन्दरगाह प्रयोग गर्न प्रोटोकल तयार

काठमाडौं, (नेस)

चिनियाँ बन्दरगाहमार्फत नेपालले तेस्रो मुलुकमा व्यापार गर्नका लागि दुई देशबीच भएको नेपाल-चीन पारवहन यातायात सम्झौताको 'प्रोटोकल' अगाडि बढ्ने भएको छ। काठमाडौंमा शुरू भएको दुई देशका अधिकारीबीचको तेस्रो बैठकले नेपाल-चीन पारवहन यातायात सम्झौताको 'प्राटोकल'लाई अन्तिम रूप दिन लागेको हो।

# सबै प्रदेशमा सहुलियत पसल

हेमन्त जोशी, काठमाडौं

नेपाल खाद्य संस्थानले दशैं, तिहार र छठ लगायत चाडवाडलाई लक्षित गर्दै सबै प्रदेशमा सहुलियत पसल सञ्चालनमा ल्याउने भएको छ। अघिल्ला वर्षमा उपत्यकामा मात्र सञ्चालन हुँदै आएका सुपथ मूल्य पसल र घुम्ती पसल यसवर्ष सबै प्रदेशमा सञ्चालनमा ल्याउने गरी खाद्य संस्थानले तयारी गरेको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकालका अनुसार गत वर्ष उपत्यकाका सात स्थानमा र उपत्यका बाहिरका चारवटा जिल्ला सुर्खेत, रुकुम, खोटाङ र कैलालीमा यस्ता पसलहरु सञ्चालनमा ल्याइएको थियो।

यस वर्षका लागि भने प्रदेशगत रूपमा यस्ता पसल सञ्चालनमा ल्याउने गरी मन्त्रालयले प्रस्ताव गरेको छ। 'हामीले पठाएको प्रस्ताव मन्त्रिपरिषद्बाट पारित भएपछि सहुलियत पसल सञ्चालन हुने स्थान, सहुलियत दिइने वस्तु तथा मूल्यका विषयमा टुंगो लाग्छ।' नेपाल समाचारपत्रसँग कुरा गर्दै ढकालले भन्नुभयो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोक्तालाई खाद्य सामग्रीमा सहुलियतका लागि खाद्य संस्थानलाई २ करोड रुपियाँ छुट्याएको छ। गत वर्ष मन्त्रालयले खाद्य संस्थानलाई ६० लाख र साल्ट ट्रेडिङलाई १ करोड ८० लाख रुपियाँ छुट्याएको थियो। यसरी सञ्चालनमा ल्याईने सहुलियत पसललाई वर्षभरी नै सञ्चालनमा ल्याउन पनि संस्थानले आन्तरिक तयारी गरिरहेको छ।

संस्थानका सुचना अधिकारी शंकर सापकोटाले हरेक वर्षजस्तै यसवर्ष पनि दाल,चामल, पीठो, तेल, चिनीलगायत खाद्य वस्तु र दूध, दही, घ्यू, पनीरजस्ता दुग्धजन्य वस्तुमा सहुलियत पसल सञ्लालनमा ल्याई उपभोक्तालाई सस्तो मूल्यमा उपलब्ध गराईने बताउनुभयो।

यसवर्ष एक हजार खसी-बोका र सोही संख्यामा च्यांग्रा उपत्यकामा ल्याउने गरी प्रस्ताव तयार गरेर संस्थानले मन्त्रालयलाई पठाइएको सापकोटाले बताउनुभयो। गतवर्ष दशै, तिहारलगायत चाडबाड चाँडै परेको कारण उपत्यकाका विभिन्न ठाउँमा भदौ १६ गतेबाट सहुलियत पसल सञ्चालनमा ल्याइएको थियो।

चाडबाड कार्तिकपछि मात्रै शुरू हुने भएका कारणले पनि यसवर्ष ढिलो सञ्चालनमा ल्याइने उहाँले बताउनुभयो। संस्थानले साल्ट ट्रेडिङ र दुग्ध विकास संस्थानसँग समन्वय गरेर यस्ता पसल सञ्चालनमा ल्याउँदै आएको छ। चाडवाडको समयमा निजी क्षेत्रको एकाधिकार र खाद्य वस्तुमा मूल्य नियन्त्रण गर्न संस्थानले हरेक वर्ष यस्ता सहुलियत पसल सञ्चालन गर्दै आएको छ। सापकोटाका अनुसार खाद्य सामग्री, मासुजन्य वस्तु र दुग्धजन्य वस्तुमा निजी क्षेत्रको एकाधिकार तोड्न र बजार नियन्त्रण गर्न यस्ता पसल सञ्चालन गरिन लागिएको हो।

त्यसैगरी संस्थानले १ हजार च्यांग्रा मुस्ताङबाट र १ हजार खसी-बोका पश्चिम नेपालका विभिन्न जिल्ला खरिद गरी २५ सय चौपाया उपत्यका भित्राउने जनाएको छ। संस्थानले मूल्य तोकेपछि मात्र निजी व्यवसायीले सोही अनुसार च्याँग्रा र खसीबोकाको मूल्य तोक्ने गरेका छन। संस्थानले २०१९ सालदेखि तिव्बतबाट दशैं-तिहारलगायत चाडबाडका लागि भन्दै भेडा-च्यांग्रा आयात गरी खुलारूपमा सर्वसाधारणलाई उपलब्ध गराउँदै आएको छ।

**Kirtipur Municipality**
Office of the Municipal Executive
First Date of Publication: 2075/05/22

**Notice of Expression of Interest (EoI)**

Office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur Kathmandu is accepting the Expression of Interest (EoI) from eligible and experienced firms/ Institutions to prepare the Detail Project Report (LP DPR) of the Proposed Land Pooling Project at Kirtipur Municipality. The LP DPR shall be prepared in accordance to the prevalent norms and guidelines issued by concerned authority of the GoN. Thus, the consulting firm(s) willing to provide the services hereby invited to submit their "Expression of Interest (EOI)". The detail notice of EOI and Standard EOI formats will be received from the Municipality Office, Kirtipur after submission of the application. The interested firm(s) are requested to submit the following information/ documents along with application for EOI.

1. Short information about the organizational structure of the firm(s), Institution or the Company.
2. Information about educational qualifications of the manpower working for the firm(s), Institution or the Company.
3. Copy of valid registration documents of the firm(s), Institution or the Company.
4. Copy tax clearance certificate of the Fiscal Year 2073/74
5. Copy VAT/ PAN registration certificate.
6. Annual turnover and documents showing the experience of the firm(s), Institution or the Company on the related work.
7. In case of the Joint Venture service, all consulting firm(s), Institutions or the Companies shall submit documents listed in point 1-6.

The EOI shall be submitted in the sealed envelope and must reach the mentioned address no later than the working hours on the 15th day of first publication of this notice. If the last date of submission happens to be a government holiday, the next consecutive office-opening day will be the last date. Application beyond deadline will not be entertained.

The Municipality Office reserves the right to shortlist or reject the application, without any reason what so ever. The Request for Proposal (RFP) along with the Terms of Reference (ToR) shall be issued only to the shortlisted firm(s), Institution or the company. Short listed firms will be notified through email, telephone and formal letter (or Publishing notice in the national newspaper).

**The EoI Documents shall be addressed to:**
Office of the Municipal Executive
Kirtipur, Kathmandu
Telephone: 4332205
Fax: 4331381
Contact Person: Er. Bal Krishna Maharjan (9851083432)

**Kirtipur Municipality**

**Maldives मा रोजगारको अवसर**

EME Solutions Maldives pvt.ltd

| | | | USD | |
|---|---|---|---|---|
| 1. | Electrician | 50 | 500/- | 57,000/- |
| 2. | Plumber | 50 | 500/- | 57,000/- |
| 3. | AC- Technician | 50 | 500/- | 57,000/- |
| 4. | Labour | 250 | 400/- | 45,600/- |

लागत खर्च = 10,000/-

**गल्फ ओभरसिज कन्सलटेण्ट**
भगवान बहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

## पञ्चकन्या ग्रुपको ४६औं वार्षिकोत्सव मनाइयो



नेपाल समाचारपत्र

काठमाडौं

पञ्चकन्या ग्रुपले आफ्नो ४६औं वार्षिकोत्सव तथा ग्रुपका अध्यक्ष प्रेमबहादुर श्रेष्ठको ८८औं जन्मोत्सव एक कार्यक्रमको आयोजना गरी मनाएको छ।

पञ्चकन्या समूहका सञ्चालक, कर्मचारी, डिलर तथा शुभ-चिन्तकको उपस्थिति रहेको सो कार्यक्रममा वर्षभरीमा बढी बिक्री गर्न सफल स्टिल, प्लाष्टिक र एसएस वाटर ट्यांकका डिलरलाई प्रशंसा-पत्र तथा उपहारबाट सम्मानित गरिएको थियो।

त्यसैगरी सर्वोत्कृष्ट कर्मचारीमा गोपालप्रसाद वाग्ले, उत्कृष्ट कर्मचारीमा सुजन श्रेष्ठ र उत्कृष्ट मेनेजरमा नामगेल तामाङ हुनुभएको छ। कम्पनीमा लामो समय सेवा अवधि पूरा गरेका कर्मचारीलाई पनि सम्मान गरिएको छ।

उक्त कार्यक्रममा ग्रुपका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ, उपाध्यक्ष ध्रुबकुमार श्रेष्ठ, प्रबन्ध निर्देशक प्रदीपकुमार श्रेष्ठ, कार्यकारी निर्देशकद्वय उज्ज्वलकुमार श्रेष्ठ तथा उदीप श्रेष्ठले मन्तव्य व्यक्त गर्नु भएको थियो भने निर्देशकहरु ज्योति श्रेष्ठ, आशिक श्रेष्ठ र नितिशा श्रेष्ठलगायत पञ्चकन्या ग्रुपका अन्य संचालकको उपस्थिति थियो। सो अवसरमा कर्मचारीले गीत, नृत्य तथा अन्य प्रस्तुतिसमेत गरेको थिए।







## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ भदौं २२, सेप्टेबर ७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११४।८८ | ११५।४८ |
| युरो १ को रू. | १३३।६० | १३४।३० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४८।६१ | १४९।३८ |
| स्विस फ्रन्क १ को रू. | ११८।५० | ११९।१२ |
| अस्ट्रलियन डलर १ को रू. | ८२।६९ | ८३।१२ |
| क्यानाडियन डलर १ को रू. | ८७।१५ | ८७।६१ |
| सिङ्गापुर डलर १ को रू. | ८३।५६ | ८३।९९ |
| जापानी यन १० को रू. | १०।३२ | १०।३८ |
| चिनियाँ युआन १ को रू. | १६।८२ | १६।९० |
| साउदी अरब रियाल १ को रू. | ३०।६३ | ३०।७९ |
| कतारी रियाल १ को रू. | ३१।५५ | ३१।७१ |
| थाई भाट १ को रू. | ३।५० | ३।५२ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३१।२८ | ३१।४४ |
| मलसियन रिङ्गिट १ को रू. | २७।७२ | २७।८६ |
| दक्षिण कारियन वन १०० को रू. | १०।२४ | १०।३० |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६२ |
| डेनिस क्रानर १ का रू. | १७।९२ |
| हङकङ डलर १ का रू. | १४।६४ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## PRESS RELEASE

### मेगा बैंक र एनएलजी इन्स्योरेन्सबीच बैंकास्योरेन्स सम्झौता



काठमाडौं, (नेस)

मेगा बैंक नेपाल र एनएलजी इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्स सम्झौता भएको छ। मेगा बैंककी सहायक नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र एनएलजी इन्स्योरेन्स कम्पनीका कायममुकायम सीईओ सुनील बल्लभ पन्तले बैंकास्योरेन्ससम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो।

अब ग्राहकहरुले मेगा बैंकका सबै शाखाबाट एनएलजी इन्स्योरेन्समा निर्जीवन बीमा गर्नुका साथै प्रिमियम भुक्तानी, दाबी भुक्तानीलगायत सबै सेवा प्राप्त गर्न सक्नेछन्। यो सम्झौताले घर, गाडी, व्यवसाय, दुर्घटना बीमालगायतका निर्जीवन बीमा गर्न चाहने र गरिरहेका ग्राहकलाई सुविधा हुने मेगा बैंकले जनाएको छ।

### सिटिजन्सको हुम्लामा एटीएम



काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले हुम्लामा एटीएम सञ्चालनमा ल्याएको छ। सिटिजन्स बैंकले ७९ वटा शाखा, ७२ वटा एटीएम र ९९ वटा शाखारहित बैंकिङ इकाईबाट करिब ३ लाख ५० हजार ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै जनाएको छ।

### हुन्डाईको फेस्टिभ डिलाइट योजना




काठमाडौं, (नेस)

हुन्डाई अटो मोबाइल्सको नेपालका लागि आधिकारिक बिक्रता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले हुन्डाई फेस्टिभ डिलाइट योजना ल्याएको छ। भदौ २१ गतेदेखि कार्तिक २७ गतेसम्म सञ्चालन हुने योजनाअन्तर्गत ग्राहकले नगद छुट तथा एक वर्षसम्मको निःशुल्क बीमा पाइनेछ। साथै स्क्रयाच कार्डमार्फत एक लाखसम्मको नगद छुट र लक्की ड्रमार्फत सय जनालाई १०/१० ग्राम तथा बक्पर उपहार अन्तर्गत लक्की ड्रमार्फत हुन्डाई आई ट्वान्टी एक साथ र हुन्डाई क्रियटा एक थान जित्न सकिने कम्पनीले जनाएको छ। कम्पनीका अनुसार तीन वर्ष वारेन्टी, चार वर्ष फ्रि सर्भिसिङका साथै निःशुल्क सवारी कर भुक्तानी हुनेछ। लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिको देशभर १३ वटा शोरुम तथा १५ वटा सर्भिस सेन्टर रहेको छ।

### माछापुच्छ्रे बैंक र लुम्बिनी इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

माछापुच्छ्रे बैंक र लुम्बिनी जनरल इन्स्योरेन्सबीच बैंकास्योरेन्स सेवासम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा माछापुच्छ्रे बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुमन शर्मा तथा लुम्बिनी जनरल इन्स्योरेन्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नुरप्रकाश प्रधानले हस्ताक्षर गनुभयो। सम्झौताअनुसार अब माछापुच्छ्रे बैंकका ग्राहकले केन्द्रीय कार्यालयलगायत सबै शाखा कार्यालयबाट सहज रूपमा लुम्बिनी जनरल इन्स्योरेन्सको बीमा सेवा प्राप्त गर्न सक्ने बैंकले जनाएको छ। बैंकको ८६ वटा शाखा, २ वटा एक्सटेन्सन काउन्टरसहित २७ शाखारहित बैंकिङ सेवा ९९ वटा एटीएमबाट बैंकिङ सेवा दिँदै आएको छ।

# 'नियम पालना नगर्नेलाई गाह्रो छ'

औषधि उद्योगबाट शुरू गरी हाल सिमेन्ट, बैंक, इन्स्योरेन्सलगायतका क्षेत्रमा लगानी विस्तार गरिरहेको व्यावसायिक घरनाका युवा उद्यमी प्रतापजंग पाण्डे नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष प्रदीपजंग पाण्डेका माइलो छोरा हुनुहुन्छ। उहाँका दाजु र भाइले सिमेन्ट, औषधिलगायतका उद्योग हेर्दै आउनुभएको छ भने उहाँ हवाई क्षेत्र हेर्नुहुन्छ।
१८ वर्ष बैंकिङ क्षेत्रमा काम गर्नुभएका प्रतापजंग पाण्डेले अहिले कैलाश हेलिकोप्टर कम्पनीलाई प्रवर्द्धन गर्दै आउनुभएको छ। फिलिपिन्सबाट व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएका उहाँ ग्लोबल आईएमई इन्स्योरेन्सको निर्देशक पनि हुनुहुन्छ। उहाँले विगतमा माइक्रोफाइन्सको अध्यक्ष भएर पनि काम गरिसक्नुभएको छ। पारिवारिक उद्योग, व्यापार, व्यवसायलाई नयाँ उचाइमा पुऱ्याउन क्रियाशील कैलाश हेलिकोप्टर सर्भिसेज प्रालिका प्रबन्ध निर्देशक प्रतापजंग पाण्डेसँग *नेपाल समाचारपत्र*का लागि *दीपेन्द्र थापा*ले गरेको कुराकानी :



**प्रतापजंग पाण्डे**
प्रबन्ध निर्देशक
कैलाश हेलिकोप्टर सर्भिसेज प्रालि कम्पनी

**तपाईंहरूले भर्खरै नयाँ हेलिकोप्टर ल्याउनुभएको छ, अहिले हेलिकोप्टर व्यवसायको बजार कस्तो छ ?**

अहिले नेपाली बजारमा १० वटा हेलिकोप्टर कम्पनी रहेका छन्। हाम्रो कैलाश हेलिकोप्टर कम्पनी सबैभन्दा कान्छो कम्पनी हो। केही नयाँ कम्पनी पनि सञ्चालनमा आउने तयारीमा रहेको बुझिएको छ। नेपालको सन्दर्भमा अहिले हेलिकोप्टरको संख्या धेरै भइसकेको अवस्था छ। विमानस्थलहरू पनि साँघुरो बन्दै गएका छन्।

सिमिकोट, हुम्लाका विमानस्थलमा हेलिप्याड अभावजस्तै भइसकेको छ। जहाँ यात्रुको चाप छ, त्यहाँ हेलिप्याड अभाव भएको अवस्था छ। सरकारले बजेटमार्फत प्रत्येक गाउँपालिकामा एक हेलिप्याड बनाउने नीति ल्याएको हुँदा अब आम जनतामा हेलिकोप्टरको सेवा प्रवाह गर्न सहज हुने सम्भावना छ।

नेपाली समाजमा हेलिकोप्टर प्रयोग बिरामीका निम्ति नै हो। सरकारको नयाँ नीतिले हेलिकोप्टरको प्रयोग गर्न आमबिरामीलाई केही सहज हुनेछ भन्ने मेरो बुझाइ छ।

> एकोहोरोरूपमा हेलिकोप्टर कम्पनीहरूलाई मुछ्नु गलत भयो। संघले पनि पहल गरिरहेको छ। फेक रेक्स्यु छानबिन समितिले तीनवटा हेलिकोप्टर कम्पनीलाई दोषी देखाएको छ। हामी कुनै पनि तहमा यस कार्यमा सलग्न भएका छैनौं। हेलिकोप्टर व्यवसायीले नै आफै बिरामी बनाएर ल्याउने कार्य सम्भव छैन। हामी मागअनुसार लिन जाने हो।

**आम नेपालीले हेलिकोप्टरको भाडा धान्न सक्ने अवस्था के छ ?**

मागलाई धान्न नसक्ने होइन, हेलिकोप्टर विभिन्न प्रकारका रहेका छन्। हाम्रोमा भएको अहिलेका हेलिकोप्टर युरोकप र समिट हो। अरू कम्पनीका हेलिकोप्टर रविन्सन तथा वेल हेलिकोप्टर रहेका छन्। नेपाल पहाडै पहाड भएको देश हो। पहाडी क्षेत्रमा भौगोलिक अवस्थाले गर्दा युरोकप तथा एयरबसका हेलिकोप्टरहरू सञ्चालनमा रहेका छन्। उनीहरूको सञ्चालन खर्च महँगो छ। जसले गर्दा हेलिकोप्टर सर्वसाधरणको पहुँचमा पुग्न नसकेको हो।

हेलिकोप्टर भनेको गाडीजस्तै सर्वसुलभ हुनुपर्छ भन्ने मान्यता भने म राख्दिनँ किनभने यो धेरै सञ्चालन खर्च भएको सेवा हो। जुनबेला आवश्यक पर्छ, त्यही बेला यसको सेवा उपोग गर्नुपर्छ।

**यहाँले नेपालमा हेलिकोप्टर व्यवसाय सञ्चालन गर्नका लागि कस्ता चुनौती र अवसर देख्नुभएको छ ?**

यस क्षेत्रमा सरकारले निश्चित मापदण्ड तोकेको छ। उड्डयन क्षेत्र भनेको उच्च नियमन हुनेको क्षेत्र हो। बैंक/वित्तपछि उड्डयन उच्च निगरानीमा सञ्चालित व्यवसाय हो। यसमा राष्ट्रिय अन्तर्राष्ट्रिय तहबाट निर्देशित एवम् निगरानी भएको हुन्छ। सुरक्षा पहिलो भन्ने सिद्धान्त अंगीकार गरिएको हुन्छ। उडान सञ्चालन गर्दा सफल उडान गर्न लागि पर्नुपर्ने हुन्छ।

बजारको अवस्था र माग बढ्दो क्रममा छ। सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ। गत वर्ष करिब १० लाख पर्यटक आएका थिए। यस वर्ष नै १२ लाख पुग्ने अनुमान गरिएको छ। यसका लागि सरकारले प्रचारप्रचारमा ध्यान दिनुपऱ्यो, पूर्वाधार विस्तार गर्नुपर्ने आवश्यकता छ। विमानस्थलको निर्माणमा ध्यान दिनुपर्छ।

बाटोघाटो विस्तार, नयाँ पर्यटकीय गन्तव्य विस्तारमा ध्यान दिनु आवश्यक छ। लक्ष्य राख्नु राम्रो हो। यसका लागि सोहीअनुसार काम गर्नुपर्नेछ। विमानस्थल विस्तार गरी २४सै घण्टा सञ्चालनका लागि काम अगाडि बढाउनुपऱ्यो। विमानस्थलको गतिविधिबाट नै पर्यटकको गतिविधि बढाउन सकिन्छ, जसको लागि विमानस्थल राम्रो बनाउनुपर्नेछ।

पर्यटकीय गतिविधि बढेपछि मात्र हेलिकोप्टर व्यवसाय फस्टाउनेछ। नेपालको भौगोलिक अवस्थाले गर्दा पनि भोलिका दिनमा हेलिकोप्टर व्यवसाय राम्रो देखिन्छ। पर्यटकको संख्यामा वृद्धिसँगै हाम्रो व्यवसायको माग पनि बढेर जाने देखिन्छ।


PRABHU BANK

**सञ्चालन खर्च महँगो रहेको कुरा गर्नुभयो, कति महँगो छ ?**

नेपालमा सामान्य खालको हेलिकोप्टर आयात गर्नका लागि करिब ३० करोड रुपियाँ खर्च गर्नुपर्ने हुन्छ। साथै दक्ष जनशक्ति पनि उत्तिकै आवश्यक पर्छ। पाइलट, एरोनटिकल इन्जिनियर, मेन्टिनेन्स् इन्जिनियरलगायतका इन्जिनियर चाहिन्छ।

सुरक्षित उडानका निम्ति जनशक्तिलाई समय समयमा विभिन्न तालिम तथा सीप विकासको कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। त्यसबाहेक पार्टपुर्जादेखि इन्धनसमेत महँगो हुने हुँदा यसको 'अप्रेसन कस्ट' धेरै महँगो हुन्छ।

**हवाई सेवा सञ्चालनका लागि केकस्ता समस्या देख्नुहुन्छ ?**

हवाई उडानका क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने भनेको नागरिक उड्डयन प्राधिकरणले हो। उसलाई पनि नियमन गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय निकाय छन्। राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सञ्चालन गर्नुपर्ने हुन्छ। नीति तथा मापदण्ड समय-समयमा हेरफेर हुँदै जान्छ, त्यसअनुसार अपडेट गर्दै कम्पनीलाई अगाडि बढाउनुपर्ने हुन्छ।

जसले नीति नियम अंगीकार गर्दै जान्छ, उसलाई सहज छ। जसले कुनै पनि नियम पालना गर्दैन, उसलाई गाह्रो हुन्छ। समय सापेक्ष नीति नियम र मापदण्ड बनाउने र त्यसको पालना गर्दै जाने हो भने यो व्यवसाय ठिकै छ।

**“फेक रेक्स्यु”मा हेलिकोप्टर कम्पनीहरूलाई दोषी देखाइएको छ। खास कुरा के हो ? तपाईंहरूका तर्फबाट केही पहल भएको छ कि ?**

हाम्रो छाता संस्था वायुसेवा सञ्चालक संघले यसका लागि वकालत गरिरहेको अवस्था छ। हामी हेलिकोप्टर व्यवसायीहरूले पनि आवाज उठाएका छौं। यसरी एकोहोरोरूपमा हेलिकोप्टर कम्पनीहरूलाई मुछ्नु गलत भयो। संघले पनि पहल गरिरहेको छ। फेक रेक्स्यु छानबिन समितिले तीनवटा हेलिकोप्टर कम्पनीलाई दोषी देखाएको छ। हामी कुनै पनि तहमा यस कार्यमा सलग्न भएका छैनौं। हेलिकोप्टर व्यवसायीले नै आफै बिरामी बनाएर ल्याउने कार्य सम्भव छैन। हामी मागअनुसार लिन जाने हो।

**उद्धारका विषयमा हेलिकोप्टर कम्पनीको केही गुनासो सुनिन्छ, वास्तविकता के हो ?**

उद्धारका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गृह मन्त्रालयको अनुमति लिनुपर्छ। यसका लागि भने केही प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। सरकारले यसमा सहजीकरण गर्नुपर्ने देखिन्छ, मान्छे बिरामी भएको अवस्थामा हामीले उद्धार गर्नुपर्ने हुन्छ।

सरकारले समयमा नै उद्धारका लागि अनुमति नदिँदा बिरामीको ज्यानै जान सक्ने अवस्था पनि रहेको छ। सरकारको नयाँ नियममा सदरमुकाम भएर जानुपर्ने भनेको छ। प्रशासनसँग सहकार्य गर्नुपर्ने उल्लेख छ तर यासो गर्दा सहज पहुँच नहुने तथा उडान लागत बढ्न जान्छ।

उत्तरी नाका सुरक्षा चुनौतीका कारणले हो या परराष्ट्र नीतिको के कारणले हो त्यहाँ उद्धार गर्न भने सहज छैन। यसका लागि सरकारले केही पहल गर्नुपर्ने जरुरी छ।

> हेलिकोप्टर भनेको गाडीजस्तै सर्वसुलभ हुनुपर्छ भन्ने मान्यता भने म राख्दिनँ किनभने यो धेरै सञ्चालन खर्च भएका सेवा हो। जुनबेला आवश्यक पर्छ, त्यही बेला यसको सेवा उपोग गर्नुपर्छ।

**युवा उद्यमीको आँखाबाट हेर्दा नेपालमा लगानीको वातावरण कस्तो देख्नुभएको छ ?**

योभन्दा अगाडि नेपालले राजनीतिक संक्रमण कालमा बिताएको छ। अब नयाँ स्थिर सरकार आएसँगै लगानीको वातावरण बनेर गएको छ। अबको आर्थिक विकास नै सरकारको लक्ष्य भएको हुँदा हामी आशावादी भएका छौं। नयाँ सरकारबाट उद्योग गर्न व्यावसाय गर्नका लागि नयाँ नीति पनि आएका छन्।

नेपालमा लगानीको वातावरण गर्नका लागि सहज बन्दै जाने अनुमान गरेका छौं। स्थिर सरकारबाट हामीले अपेक्षा त धेरै राखेका छौं। मुलुकी ऐनलगायत धेरै ऐन कानुन संशोधन भएका छन्। व्यवसायमा देखिएको छाडापनलाई सरकारले नियन्त्रण गर्न खोजेजस्तो पनि देखिन्छ।

व्यापार व्यवसायमा हुने गरेको कार्टेलिङ नियन्त्रणको प्रयास भएको छ। कार्टेलिङका कारण अन्य व्यवसायीलाई आउने जाने वातावरण नै बन्द हुने अवस्था थियो। जसलाई सरकारले नियन्त्रण गर्न खोजेको छ। जसका कारण उद्योगी व्यवसायीलाई व्यवसाय गर्न थप सहयोग हुन्छ भन्ने मेरो बुझाइ छ।

अस्थिर सरकार हुँदा नीतिनियम पनि नबनेको र व्यवसायीलाई अन्योलको वातावरण थियो। यसले गर्दा उद्योग व्यवसाय विस्तारका लागि गाह्रो भएको छ। सरकारले एकल बिन्दु सेवाबाट सेवा प्रवाह गर्न सकेको खण्डमा लगानी गर्न एकदमै सहज हुने थियो। एकै ठाउँबाट सेवा प्रवाह गर्न सकेको खण्डमा विदेशी लगानी भित्र्याउन सहज हुने थियो।

कृषिमा आधुनिकीकरण गरेर विदेशिने युवालाई सीप, ज्ञान प्रदान गरेर देशमा नै बस्ने वातावरण बनाउनुपर्छ। आयात प्रतिस्थापन गर्नका लागि सरकारले जोड दिनुपर्छ।

> पर्यटकीय गतिविधि बढेपछि मात्र हेलिकोप्टर व्यवसाय फस्टाउनेछ। नेपालको भौगोलिक अवस्थाले गर्दा पनि भोलिका दिनमा हेलिकोप्टर व्यवसाय राम्रो देखिन्छ। पर्यटकको संख्यामा वृद्धिसँगै हाम्रो व्यवसायको माग पनि बढेर जाने देखिन्छ।



भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ
जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# नेपालको भुटानमाथि फराकिलो जित

नेपाल समाचारपत्र

काठमाडौं

सुजुकी कप साफ च्याम्पियनसिप फुटबलअन्तर्गत नेपालले दोस्रो खेलमा जित निकालेको छ।

बिहीबार ढाकामा भएको खेलमा भुटानलाई ४-० गोलअन्तरले हरायो। योसँगै नेपालले भुटानसँग नहारेको रेकर्ड यथावत राखेको छ। नेपालको जितमा अनन्त तामाङ, सुनील बल, भरत खवास र निराजन खड्काले गोल गरेका हुन्। यो जितले नेपालको साफ च्याम्पियनसिपको सेमिफाइनल पुग्ने सम्भावना पनि बन्यो। अन्तिम खेलमा नेपालको सामना आयोजक राष्ट्र बंगलादेशसँग हुनेछ।

नेपालले २१औं मिनेटमा सुनीलको कर्नर प्रहारमा अनन्तले गोल गरेका थिए। सुनीलको प्रहार आउनाविक्तिकै उफ्रेर हेड गर्दै अनन्तले गोल गरेका थिए। पहिलो हाफ १-० को अग्रतामा समाप्त भएको थियो। नेपाली खेलाडीले दोस्रो हाफमा भुटानमाथि दबाब बढाएका थिए। नतिजा नेपाल थप ३ गोल गर्न सफल भयो।

७०औं मिनेटमा सुनीलले गोल गर्दै नेपालको अग्रता दोब्बर पारेका थिए। निराजनलाई निमा वाङदीले डिबक्समा लडाएपछि नेपाललाई



पेनाल्टी हान्न अवसर मिलेको थियो। जसमा नेपालका स्टार खेलाडी विमल घर्तीमगरले पेनाल्टी हाने। तर उनको प्रहारलाई गोलकिपर छिरिङ डेन्डुपले रोके। बल रिबाउन्ड भयो र सुनीलले गोल गरेका थिए। यो उनको तेस्रो अन्तर्राष्ट्रिय खेलमा पहिलो गोल पनि हो।

भरतलाई प्रशिक्षक बालगोपाल महर्जनले ढिलो मैदानमा पठाएका थिए। तर उनले नेपालका लागि तुरुन्तै गोल पनि गरे। मैदान आएर ३ मिनेटपछि ७९औं मिनेटमा उनले गोल गरेका थिए। उनको यो करियरको १०औं अन्तर्राष्ट्रिय गोल हो। अन्तिममा नीराजनले पनि एक गोल थपे। करिब ५ वर्षको अन्तरालमा राष्ट्रिय टोलीमा स्थान पाएकामा उनले सदुपयोग गरे। उनी ६३औं मिनेटमा विशाल राईको स्थानमा मैदान आएका थिए।

### बंगलादेश सेमिफाइनल निकट

समूह 'ए' अन्तर्गत अर्को खेल आयोजक टिम बंगलादेशले पाकिस्तानलाई १-० ले हराएर सेमिफाइनलको निकट पुगेको छ। यो नतिजासँगै बंगलादेश ६ अंकसहित समुहको शिर्ष स्थानमा छ। नेपाल र पाकिस्तानको समान ३/३ अंक भएकाले दुवैका लागि शनिबार हुने खेल जित्नैपर्ने भएको छ। नेपालले बंगलादेशसँग र पाकिस्तानले भुटानसँग खेल्नेछन्। नेपालका लागि जितभन्दा तलको नतिजाले प्रतियोगिताबाट बाहिरिने सम्भावना हुन्छ। यसैले नेपालले बंगलादेशलाई हराउनैपर्ने चर्को दबाब भएको छ। नेपाल जितेमा पाकिस्तान र भुटानबीचको खेलको नतिजा कुर्नु पर्दैन। यदि बराबरी खेलेमा नेपाल सेमिफाइनल पुग्नका लागि भुटानले पाकिस्तानलाई हराउनुपर्ने हुन्छ। यहाँ गोलभिन्नताले पनि नेपाललाई समूह चरण पार गराउन सक्नेछ।

## धरहरा

### तक्माधारी कि चक्माधारी ?



पदक उत्कृष्ट नतिजा प्राप्त गर्नेलाई प्रदान गरिन्छ। समाज र देशका लागि विशेष योगदान पुर्‍याएकाहरू पनि पदकका लागि योग्य मानिन्छन्, समय सन्दर्भअनुसार विभूषित हुन्छन्, विश्वव्यापी अभ्यास नै यही हो।

तर नेपालमा पदक पाउने मापदण्ड अनौठो छ। जो शक्ति र सत्ता निकट भयो, शक्तिकेन्द्रको चुलो र चौकामा घुस्न सक्यो, जसले चाकडी, चुप्लुसी र चुक्ली लगाएर चक्मा मार्न सक्यो, ऊ पदकका लागि योग्य मानिन्छ। रातारात ऊ पदकका लागि सिफारिस हुन्छ। छाती फुलाउँदै तक्मा पाउन दौडिनेहरूको कमी छैन।

तक्माका लागि ऊ कति योग्य हो भन्ने अनुमान सामान्य निरक्षर व्यक्तिले पनि सहजै अनुमान लगाउन सक्छ। तर हाम्रा तक्माधारीहरू त्यस्तो कहाँ सोच्छन् र भन्या। आफू युरोप र अमेरिकाको मात्रै होइन, अर्कै ग्रहका नागरिक भइसकेको चुरिफुरी देखाउन पछि पर्दैनन्। यस्तो जमात वर्षेनी थपिरहेको छ तर के गर्नु अटाउनुपरेको छ एउटै समाजमा।

तक्माधारीहरू वर्षेनी थपिने भएकाले सरकारले उनीहरूका लागि छुट्टै नागरिकता, छुट्टै सडक, छुट्टै सेवाकेन्द्रसहित विशेष सेवा सुविधाको प्रबन्ध गरे कसो होला ? धरहराको चाहना तक्माधारीहरूको अवमूल्यन नहोस्, अन्याय नहोस् भन्ने हो। बरु यसरी तक्माधारण गर्नेलाई तक्माधारी भन्दा अपमान हुने भए चक्माधारी भन्ने कि त ?

# महिला भलिबलमा ७ टिम

काठमाडौं, (नेस)

पोखराको लामाचौरमा यही भदौ २३ गतेदेखि शुरू हुने लामाचौर तीज महोत्सव २०७५ को अवसरमा सञ्चालन हुने राष्ट्रिय महिला भलिबल प्रतियोगितामा ३ विभागीयसहित ७ टिमको सहभागिता हुने भएको छ।

भदौ २७ गतेसम्म लामाचौरमा सञ्चालन हुने उक्त प्रतियोगितामा ३ विभागीयसहित ७ टिमको सहभागिता हुने भएको बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

नवआर्दश सामुदायिक विकास समाजको आयोजनामा सञ्चालन हुने उक्त प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन सशस्त्र प्रहरी बलको एपएफ, नेपाल प्रहरी, नेपाली सेना, काठमाडौंको न्यु डाइमन्ड एकेडेमी, जाउलाखेल भलिबल प्रशिक्षण केन्द्र, चितवनको चितवन टाइगर र पोखराको टप्स बोर्डिङ स्कुल गरी ७ टिमको सहभागिता हुने भएको समाजका अध्यक्ष बमबहादुर गुरुङले बताए। साथै खेलतालिकासमेत बिहीबार सार्वजनिक गरिएको छ।

यस वर्ष पुरस्कारमा राशि वृद्धि गरिएको छ। विजेतालाई २४ हजार ९ सय १, उपविजेतालाई १४ हजार ९ सय ४ रुपियाँ वृद्धि भएको हो। प्रतियोगितामा विजेता टिमले १ लाख रुपियाँ र दोस्रो हुनेले ६५ हजारको साथमा ट्रफी, मेडल, प्रमाणपत्र प्राप्त गर्ने संयोजक श्रेष्ठले जनाए। प्रतियोगितामा तेस्रो हुनेले २५ हजार, चौथो हुनेले १५ हजार पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ५ हजार ५ सय रुपियाँ पुरस्कार प्रदान गरिने भएको छ।

महिलाहरूको महान् पर्व हरितालिका तीजको अवसरमा सञ्चालन हुने उक्त महोत्सवको तयारी पूरा भएको अध्यक्ष बमबहादुर गुरुङले बताए। 'मौलिक संस्कृतिको जगेर्ना गरौं' भन्ने उद्घोषका साथ आयोजना हुने उक्त महोत्सवमा सांस्कृतिक तथा खेलकुदको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने समाजका अध्यक्ष गुरुङले बताए।

# ओसाकाको पहिलो ग्रान्डस्लाम सेमिफाइनल



न्युयोर्क, (एजेन्सी)

युएस ओपनअन्तर्गत क्वार्टरफाइनल खेल जितेर जापानकी नाओमी ओसाकाले पहिलोपटक ग्रान्डस्लाम सेमिफाइनल स्थान सुरक्षित गरेकी छन्।

ओसाकाले युक्रेनकी लेसिया टिसुरेन्कोमाथि जित हात पार्दै अन्तिम चारमा पुगेकी हुन्। २० वर्षीया खेलाडीले अन्तिम चारमा १४औं वरियताकी मेडिसन किजसँग खेल्नेछिन्। किज गत संस्करणकी फाइनालिस्ट किजले कार्ला स्वारेज नभारोलाई ६-४, ६-३ ले पन्छाएकी थिइन्।

ओसाकाले भने आफ्नी प्रतिद्वन्द्वी लेसियालाई मात्र ५८ मिनेटमा ६-१, ६-१ ले पराजित गरेकी थिइन्।

यो जितसँगै २०औं वरियताका ओसाका ग्रान्डस्लाम सेमिफाइनलमा पुग्ने किमिके डाटेपछिको पहिलो जापानी खेलाडी बनेकी छिन्। डाटे १९९६ विम्बल्डनको सेमिफाइनलमा पुगेकी थिइन्। अर्को सेमिफाइनल खेलमा ६ पटककी च्याम्पियन सेरेना विलियम्सले लात्भियाकी एनास्टासिया सेभास्टोभासँग खेल्नेछिन्।

उता पुरुष सिंगल्सतर्फ नोभाक जोकोभिचले युएस ओपनको सेमिफाइनलमा स्थान सुरक्षित गरेका छन्। सर्बियाली खेलाडीले रोजर फेडेररमाथि शानदार जित निकालेका जोन मिलम्यानको चुनौती समाप्त गरेका हुन्। ३१ वर्षीय नोभाकले अस्ट्रेलियन विश्व नम्बर ५५ लाई ६-३, ६-४, ६-४ ले हराए। योसँगै न्युयोर्कमा दुईपटक च्याम्पियन भइसकेका नोभाकले त्यहाँ सबै ११ क्वार्टरफाइनल (२००७ देखि) खेल जितेका छन्।

गतवर्ष कुहिनाको चोटका कारण प्रतियोगिता नखेलका नोभाकले शुक्रबार अन्तिम चारको खेलमा जापानका केई निशिकोरीविरुद्ध खेल्नेछन्। उनले पहिलो म्याच प्वाइन्ट २ घन्टा ४९ मिनेटमा पाएका थिए। ११ सेमिफाइनलमध्ये ७ पटक उनले फाइनल खेलेका थिए। यदि निशिकोरीलाई हराएमा पुरुष सिंगल्सतर्फ पिट साम्प्रास र इभान लेन्डलको रेकर्डसँगै उनी संलग्न हुनेछन्।

यदि न्युयोर्कमा करियरकै १४औं ग्रान्डस्लाम जितेमा नोभाकले साम्प्राससँग बराबरी गर्नेछन्। सर्वाधिक ग्रान्डस्लाम जित्नेमा उनीभन्दा माथि रोजर फेडेरर (२०) र नाडाल (१७) रहेका छन्। उनले जितपछि गर्मीबारे बताए- 'म व्यक्तिगत रूपमा यहाँ कहिल्यै पसिनामा भएनँ। मैले हरेक खेलका लागि कम्तिमा १० लुगा ल्याएको छु। दुई गेमपछि नै तपाईं पसिना-पसिना हुन्नुहुन्छ।'

# नेपालगन्ज म्याराथनको पुरस्कार वृद्धि गरिने

बाँके, (नेस)

शान्ति, सदभाव र एकता, राष्ट्र निर्माणमा हाम्रो प्रतिवद्धता' मूल नाराका साथ आयोजना हुने नेपालगन्ज म्याराथनमा २०१८ को तयारी शुरू गरिएको छ। नेपालगन्ज म्याराथनको यो चौथो संस्करणका लागि बिहीबारदेखि नै दर्ता आवेदन खुला गरिएको छ। १० वर्षे सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य भई बृहत शान्ति सम्झौता भएको दिन २०६३ मंसिर ५ गतेको स्मरणमा नेपालगन्ज म्याराथन आयोजना हुने गरेको छ।

क्रियटिभ ह्यान्ड्सले विभिन्न संघसंस्थाको साझेदारीमा नेपालगन्ज म्याराथन आयोजना गर्दै आएको छ। यसपटक पुरस्कार राशिमा वृद्धि गर्ने निर्णय गरिएको छ। पुरस्कार राशि भने खुलाइएको छैन। यसअघि ५५ हजार रुपियाँ थियो। नेपालगन्ज म्याराथनमा खुला पुरुषतर्फ ४२ किलोमिटर दौड, महिला खुलातर्फ २१ किलोमिटर हाफ म्याराथन रहेका छन्। पहिलो संस्करणमा नेपाली सेनाका होमलाल श्रेष्ठ, दोस्रोमा नेपाली सेनाकै कृष्ण बस्नेत र तेस्रोमा जुम्लाका दुर्गाबहादुर बुढाले उपाधि जितेका थिए। त्यसै गरी हाफ म्याराथनतर्फ पहिलोमा कृष्णेश्वरी सिन्तकला, दोस्रोमा कान्छीमाया कोजु र तेस्रोमा नेपाली सेनाकी रेशु बस्नेत आएका थिए।

# रोनाल्डोको बहिर्गमनले रियल कमजोर

लन्डन, (एजेन्सी)

बार्सिलोनाका स्टार खेलाडी लियोनल मेसीले क्रिस्टियानो रोनाल्डो रियलबाट बहिर्गमन भएसँगै रियल कमजोर भएको बताएका छन्।



उनले रोनाल्डो मेड्रिडबाट युभेन्टस गएकामा आश्चर्यचकितसमेत भएको बताए। ३३ वर्षीय रोनाल्डो युभेन्टस गएपछि मेसीले युरोपमा युभेन्टस अपेक्षाकृत रूपमा बलियो विपक्षी हुने महसुस गरेका छन्। तर चिरप्रतिद्वन्द्वी रियल मेड्रिड भने अपेक्षाकृत रूपमा कमजोर भएको उनले बताए। उनले इटालियन क्लब युभेन्टस भने फुटबलप्रेमीका लागि च्याम्पियन्स लिगको सर्वाधिक रुचाइएको क्लब हुनेमा समेत आशावादी रहेको बताए।

उनले भने- 'रियल मेड्रिड विश्वकै एउटा उत्कृष्ट टिम हो र मेड्रिडको स्क्वाड पनि राम्रो छ, तर रोनाल्डोको अनुपस्थितिले टिमलाई कमजोर पारेको उदाहरण थुप्रै छन्। अब युभेन्टस च्याम्पियन्स लिगको रुचाइएका क्लबहरूमध्ये एक बन्नेछ। उनले रियल छोडेकामा म अचम्मित भएँ। उनले युभेन्टस जानका लागि रियल छोड्छन् भन्ने मैले कल्पनासम्म पनि गरेको थिइनँ। तर उनी राम्रो टिममा गएका छन्।'

मेसी र रोनाल्डो ला लिगामा आफ्ना क्लब तथा व्यक्तिगत व्यवहारका कारण अनगिन्ती पटक विवादमा आइसकेका छन् तर अब भने उनीहरूले एकअर्कालाई ला लिगामा सामना गर्नुपर्ने छैन।

# मिस्टर काठमाडौं आजबाट शुरू

नेपाल समाचारपत्र

काठमाडौं

काठमाडौं जिल्ला शारीरिक सुगठन तथा फिटनेस संघको आयोजनामा तेस्रो जिल्लाव्यापी मिस्टर काठमाडौं शारीरिक सुगठन, महिला फिटनेस तथा द्वितीय जुनियर मि. काठमाडौं शारीरिक सुगठन प्रतियोगिता आजबाट शुरू हुँदै छ।

शुक्रबार र शनिबार हुने प्रतिस्पर्धामा ३ सय प्रतिस्पर्धीको सहभागिता हुने बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले जनायो। पहिलो दिन २२ गते नक्साल ब्याङ्केटमा प्रिजजिंग चरण र दोस्रो दिन शनिबार राष्ट्रिय नाचघरमा २ बजेबाट फाइनल चरणको प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ।

प्रतियोगितामा ५५, ६०, ६५, ७०, ७५ र ७५ केजीमाथि गरी कुल ६ तौल समूहमा प्रतिस्पर्धा




हुनेछ। प्रतियोगिताको पहिलो दिन प्रिजजिंग राउन्डबाट प्रत्येक वजन समूहका खेलाडीबीच प्रतिस्पर्धा गराई ५ जना खेलाडीलाई फाइनल चरणमा छनोट गरिनेछ। जसमा पहिलो, दोस्रो तथा तेस्रो हुने खेलाडीलाई पदक, प्रमाणपत्रका साथै नगद क्रमश: १०, ५ र ३ हजार प्रदान गरिनेछ। यस्तै चौथो तथा पाँचौंले ट्रफी तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यसै गरी महिला एथलेटिक्स फिजिक्स तथा २१ वर्षमुनिका खेलाडीबीच हुने जुनियर मि. काठमाडौंको पनि प्रिजजिंग राउन्डबाट ५ जना खेलाडी दोस्रो दिन फाइनल चरणका लागि छनोट गरिनेछ।

फाइनलमा प्रत्येक तौल समूहबाट पहिलो, दोस्रो र तेस्रो हुने खेलाडीलाई क्रमश: नगद ३०, १५ र ५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिनेछ भने चौथो तथा पाँचौंलाई ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ।

सिनियरतर्फका प्रत्येक वजन समूहका पहिलो हुने खेलाडीबीच पुन: प्रतिस्पर्धा गराई ओभर अलमा पहिलो हुने खेलाडीलाई 'मिस्टर काठमाडौं' को उपाधिका साथै १ लाख नगद, ट्रफी र ब्यानेटले सम्मान गरिनेछ। प्रतियोगिताको अनुमानित बजेट करिब १४ लाख रहनेसमेत पत्रकार सम्मेलनमा जानकारी गराइयो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ